आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीति



नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं

साउन २०७८

गभर्नर श्री महा प्रसाद अधिकारीले
२०७८ साउन २९ गते
सार्वजनिक गर्नुभएको

आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीति



नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
नेपाल

फोन नं. ४४१०१५८
Website: www.nrb.org.np

विषय सूची

पृष्ठभूमि १

अन्तर्राष्ट्रिय आर्थिक स्थिति २

समष्टिगत आर्थिक स्थिति ३

वित्तीय क्षेत्र स्थिति ५

आर्थिक वर्ष २०७७/७८ को मौद्रिक नीतिको समीक्षा ७

- मौद्रिक व्यवस्थापन ७
- क्षेत्रगत कर्जा ८
- कोभिड-१९ लक्षित कर्जा ९

आर्थिक वर्ष २०७८/७९ को आर्थिक परिदृश्य १०

आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीतिको स्वरुप १२

- कार्यदिशा १२
- आर्थिक तथा मौद्रिक लक्ष्य १२
- संचालन लक्ष्य तथा उपकरण १३

आर्थिक वर्ष २०७८/७९ को वित्तीय क्षेत्रसम्बन्धी व्यवस्था १३

- स्रोत परिचालन १३
- कर्जा प्रवाह १४
- आर्थिक पुनरुत्थान लक्षित विशेष कार्यक्रम १५
- वित्तीय क्षेत्र सुदृढीकरण १८
- नियामकीय तथा सुपरिवेक्षकीय व्यवस्था २०
- लघुवित्त सम्बन्धी व्यवस्था २१

भुक्तानी प्रणाली २२

विदेशी विनिमय व्यवस्थापन २३

ग्राहकहित संरक्षण २५

अनुसूची १ मौद्रिक प्रक्षेपण

अनुसूची २ आर्थिक वर्ष २०७७/७८ को मौद्रिक नीतिको लक्ष्य तथा प्रगति विवरण

तालिका सूची

आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीति

पृष्ठभूमि

१. कोभिड-१९ महामारीबाट मानव जीवन र आर्थिक गतिबिधि प्रभावित भइरहेको परिवेशमा आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीति तर्जुमा गरिएको छ । अर्थतन्त्रमा महामारीको असर न्यूनीकरण गर्न अवलम्बन गरिएका नीतिगत पहलहरुले गर्दा आर्थिक क्रियाकलाप संचालनमा महत्वपूर्ण सहयोग पुग्नुको साथै समष्टिगत आर्थिक तथा वित्तीय स्थायित्व कायम भएको छ ।

२. सामाजिक न्याय सहितको आर्थिक विकास र समृद्धि हासिल गर्ने दिशामा कोभिड-१९ महामारीले अवरोध सिर्जना गरेको छ । संक्रमणको लहर बारम्बार दोहोरिने प्रवृत्तिले आर्थिक क्रियाकलाप प्रभावित भएका छन् । वाह्य क्षेत्रतर्फ निर्यात व्यापारमा उल्लेख्य सुधार भएतापनि बढ्दो आयातले गर्दा व्यापार घाटा फराकिलो हुँदै गएकोले शोधनान्तरमा चाप पर्न थालेको छ । विदेशी विनिमय सञ्चिति सुविधाजनक अवस्थामा रहेको छ । मुद्रास्फीति लक्षित सीमाभित्रै रहेको छ ।

३. कोभिड-१९ ले अर्थतन्त्रमा पारेको असर न्यूनीकरण गर्दै आर्थिक पुनरुत्थानलाई सघाउने उद्देश्यका साथ व्यवस्था गरिएको पुनरकर्जा, सहुलियतपूर्ण कर्जा लगायत मौद्रिक एवम् नियामकीय सहजीकरणले गर्दा कर्जा प्रवाह उल्लेख्य रुपमा बढेको छ । कर्जाको ब्याजदर एकल अंकमा रहेको कारण महामारीको समयमा पनि व्यवसाय संचालन लागत घटेको छ ।

४. विद्युतीय कारोवारलाई प्रोत्साहित गर्ने यस बैंकको प्राथमिकता र कोभिड-१९ संक्रमणको जोखिम कम गर्न नगदरहित कारोवार गर्नुपर्ने आवश्यकताले गर्दा पछिल्लो समय कारोवारको भुक्तानीमा विद्युतीय माध्यमको प्रयोग तीव्र रुपमा बिस्तार भएको छ । खुद्रा पसल, थोक व्यापार, डिपार्टमेन्टल स्टोर र पुँजी बजारमा समेत विद्युतीय कारोवारको बिस्तार भएको छ । यसबाट भुक्तानी प्रणालीको विकास र आधुनिकीकरणमा सहयोग पुग्नुको साथै वित्तीय पहुँच बढ्दै गएको छ ।

५. अधिकांश मुलुकहरुले अवलम्वन गरेको लचिलो तथा असाधारण नीतिगत प्रयासहरु र संक्रमण विरुद्ध खोपको उपलब्धतासँगै कोभिड-१९ का कारण गत वर्ष संकुचनमा गएको विश्व अर्थतन्त्र पुनरुत्थान हुन थालेको अन्तर्राष्ट्रिय संघ-संस्थाहरुको विश्लेषण रहेको छ । तथापि, पर्यटन आयमा निर्भर र खोपको उपलब्धता सहज नभएका मुलुकहरुको आर्थिक पुनरुत्थानको गति भने अझै न्यून रहने देखिएको छ ।

६. महामारीको संक्रमण कायमै रहेकोले पर्यटन लगायत अति प्रभावित क्षेत्रको पुनरुत्थानमा थप समय लाग्ने देखिएको छ । महामारीबाट अर्थतन्त्रमा परेको असर न्यूनीकरण गर्दै शीघ्र आर्थिक पुनरुत्थानको लागि एकातर्फ नियामकीय सहजीकरण र सहुलियत उपलब्ध गराउनु पर्ने आवश्यकता छ भने अर्कोतर्फ वित्तीय स्थायित्वको साथै वाह्य क्षेत्र स्थायित्वमा पर्न सक्ने प्रतिकूल प्रभावतर्फ पनि सजग रहनु पर्ने अवस्था छ ।

७. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आर्थिक स्थिति एवम् परिदृश्यलाई दृष्टिगत गर्दै कोभिड-१९ संक्रमणको दोस्रो लहर कायम रहेको अवस्थामा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को व्यवस्था बमोजिम आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीति तर्जुमा गरिएको छ । सरकारको साझा न्यूनतम कार्यक्रम, नीति तथा प्राथमिकता, देशको वर्तमान आर्थिक अवस्थाको जानकारी, २०७८ एवम् यस बैंकको तेस्रो रणनीतिक योजनालाई समेत मौद्रिक नीति तर्जुमाको आधारको रुपमा लिइएको छ । मौद्रिक नीति तर्जुमा गर्दा सरोकारवालाहरुबाट प्राप्त राय-सुझावलाई यथेष्ठ ध्यान दिइएको छ ।

अन्तर्राष्ट्रिय आर्थिक स्थिति

८. सन् २०२० मा ३.२ प्रतिशतले संकुचन भएको विश्व अर्थतन्त्र सन् २०२१ मा ६.० प्रतिशतले बिस्तार हुने अन्तर्राष्ट्रिय मुद्रा कोषको अनुमान छ । सन् २०१९ मा विश्व अर्थतन्त्र २.८ प्रतिशतले बिस्तार भएको थियो ।

९. सन् २०२० मा ४.६ प्रतिशतले संकुचन भएको विकसित मुलुकहरूको अर्थतन्त्र सन् २०२१ मा ५.६ प्रतिशतले बिस्तार हुने प्रक्षेपण रहेको छ । त्यसैगरी, सन् २०२० मा २.१ प्रतिशतले संकुचन हुने अनुमान रहेको उदीयमान तथा विकासशील अर्थतन्त्र सन् २०२१ मा ६.३ प्रतिशतले बिस्तार हुने प्रक्षेपण छ । सन् २०१९ मा विकसित अर्थतन्त्र र उदीयमान तथा विकासशील अर्थतन्त्रको वृद्धिदर क्रमशः १.६ प्रतिशत र ३.७ प्रतिशत रहेको थियो ।

१०. छिमेकी मुलुकहरुमध्ये चीनको अर्थतन्त्र सन् २०१९ मा ६.० प्रतिशतले बिस्तार भएकोमा सन् २०२० मा २.३ प्रतिशतले वृद्धि भएको अन्तर्राष्ट्रिय मुद्रा कोषको अनुमान छ । त्यसैगरी, भारतको अर्थतन्त्र सन् २०१९ मा ४.० प्रतिशतले बिस्तार भएकोमा सन् २०२० मा ७.३ प्रतिशतले संकुचन भएको कोषको अनुमान छ । सन् २०२१ मा चीनको आर्थिक वृद्धि ८.१ प्रतिशत र भारतको ९.५ प्रतिशत रहने प्रक्षेपण छ ।

११. सन् २०२० मा विकसित मुलुकहरूको मुद्रास्फीति ०.७ प्रतिशत रहेकोमा सन् २०२१ मा २.४ प्रतिशत रहने कोषको प्रक्षेपण छ । उदीयमान तथा विकासशील मुलुकहरूको

मुद्रास्फीति सन् २०२० मा ५.१ प्रतिशत रहेकोमा सन् २०२१ मा ५.४ प्रतिशत रहने प्रक्षेपण छ ।

१२. सन् २०२० मा विश्व व्यापार आयतन ८.३ प्रतिशतले संकुचन भएकोमा सन् २०२१ मा ९.७ प्रतिशतले बिस्तार हुने प्रक्षेपण छ ।

१३. सन् २०२० मा पेट्रोलियम पदार्थको मूल्यमा ३२.७ प्रतिशतले कमी आएकोमा सन् २०२१ मा ५६.६ प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ ।

१४. कोभिड-१९ महामारीले गर्दा एकातर्फ अधिकांश मुलुकहरुमा राजस्व परिचालन संकुचित भएको छ भने अर्कोतर्फ सार्वजनिक खर्चमा भएको बढोत्तरीका कारण कुल गार्हस्थ्य उत्पादनसँग सार्वजनिक ऋणको अनुपात विश्वव्यापी रुपमा बढेको छ । सन् २०१९ मा यस्तो अनुपात ८३.७ प्रतिशत रहेकोमा सन् २०२० मा ९७.३ प्रतिशत पुगेको छ ।

१५. कोभिड-१९ महामारीबाट प्रभावित अर्थतन्त्रको पुनरुत्थानका लागि केन्द्रीय बैंकहरुले लचिलो मौद्रिक नीति अवलम्बन गर्दै परिमाणात्मक सहजीकरण, पुनरुत्थान लक्षित सम्पत्ति खरिद, पुनरकर्जा एवम् दीर्घकालीन तरलता सुविधा जस्ता उपकरणहरु प्रयोगमा ल्याएका छन् । यस्ता उपकरणहरुको प्रयोगबाट केन्द्रीय बैंकहरुको वासलातको आकार वृद्धि हुनुका साथै मौद्रिक बिस्तार उल्लेख्य भएको छ ।

समष्टिगत आर्थिक स्थिति

आर्थिक वृद्धि

१६. आर्थिक वर्ष २०७६/७७ मा २.०९ प्रतिशतले संकुचनमा गएको नेपालको अर्थतन्त्र आर्थिक वर्ष २०७७/७८ मा ४.०१ प्रतिशतले बिस्तार हुने केन्द्रीय तथ्याङ्क विभागको अनुमान रहेको छ । तर चौथो त्रयमासमा भएको संक्रमणको दोस्रो लहरले यो वृद्धिदर कायम हुन चुनौतीपूर्ण देखिएको छ ।

१७. आर्थिक वर्ष २०७७/७८ मा कुल गार्हस्थ्य उत्पादनसँगको कुल गार्हस्थ्य बचतको अनुपात ६.६ प्रतिशत र कुल राष्ट्रिय बचतको अनुपात ३१.४ प्रतिशत रहेको अनुमान छ । अघिल्लो वर्ष यी अनुपातहरु क्रमशः ६.३ प्रतिशत र ३२.६ प्रतिशत रहेका थिए ।

१८. आर्थिक वर्ष २०७७/७८ मा कुल गार्हस्थ्य उत्पादनमा कुल स्थिर पुँजी निर्माणको अनुपात २७.३ प्रतिशत रहेको अनुमान छ । अघिल्लो वर्ष यस्तो अनुपात २८.४ प्रतिशत रहेको थियो ।

मूल्य स्थिति

१९. आर्थिक वर्ष २०७७/७८ मा वार्षिक उपभोक्ता मुद्रास्फीति औसत ७ प्रतिशतको सीमाभित्र राख्ने लक्ष्य रहेकोमा ३.६० प्रतिशत कायम रहेको छ । वार्षिक बिन्दुगत आधारमा २०७८ असारमा उपभोक्ता मुद्रास्फीति ४.१९ प्रतिशत रहेको छ ।

सरकारी खर्च, राजस्व र आन्तरिक ऋण परिचालन

२०. महालेखा नियन्त्रक कार्यालयबाट २०७८ साउन १ मा प्रकाशित विवरण अनुसार आर्थिक वर्ष २०७७/७८ मा संघीय सरकारको कुल खर्च रु. १,१८० अर्ब ९५ करोड भएको छ । यसमध्ये चालु खर्च रु. ८५१ अर्ब ६८ करोड, पुँजीगत खर्च रु. २२८ अर्ब ३० करोड र वित्तीय व्यवस्थातर्फको खर्च रु. १०० अर्ब ९७ करोड रहेको छ । त्यसैगरी राजस्व संकलन रु. ९३८ अर्ब ३२ करोड भएको छ ।

२१. आर्थिक वर्ष २०७७/७८ मा नेपाल सरकारले कुल आन्तरिक ऋण परिचालन रु. २२४ अर्ब १ करोड र साँवा भुक्तानी रु. ३६ अर्ब ९० करोड गरी खुद आन्तरिक ऋण रु. १८७ अर्ब ११ करोड परिचालन गरेको छ । उक्त रकम कुल गार्हस्थ्य उत्पादनको ४.४ प्रतिशत हुन आउँछ ।

वैदेशिक व्यापार, विप्रेषण आप्रवाह र शोधनान्तर स्थिति

२२. आर्थिक वर्ष २०७७/७८ मा निर्यात ४४.४ प्रतिशतले बढेर रु. १४१ अर्ब १२ करोड र आयात २८.७ प्रतिशतले बढेर रु. १,५३९ अर्ब ८४ करोड पुगेको छ । यस अवधिमा वस्तु व्यापार घाटा २७.३ प्रतिशतले बढेको छ । विप्रेषण आप्रवाह ९.८ प्रतिशतले वृद्धि भई रु. ९६१ अर्ब ५ करोड पुगेको छ ।

२३. आर्थिक वर्ष २०७६/७७ मा चालु खाता घाटा रु. ३३ अर्ब ७६ करोड र शोधनान्तर बचत रु. २८२ अर्ब ४१ करोड रहेको तुलनामा समीक्षा वर्षमा चालु खाता घाटा रु. ३३३ अर्ब ६७ करोड र शोधनान्तर बचत रु. १ अर्ब २३ करोड रहेको छ ।

२४. २०७८ असार मसान्तमा कुल विदेशी विनिमय सञ्चिति रु. १३९९ अर्ब ३ करोड (अमेरिकी डलर ११ अर्ब ७५ करोड) रहेको छ । आर्थिक वर्ष २०७७/७८ को आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चिति ११.२ महिनाको वस्तु तथा १०.२ महिनाको वस्तु र सेवा आयात धान्न पर्याप्त हुने देखिएको छ ।

२५. २०७७ असार मसान्तको तुलनामा २०७८ असार मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ १.१२ प्रतिशतले अधिमूल्यन भई प्रति अमेरिकी डलर खरिद दर रु. ११९.०४ पुगेको छ ।

वित्तीय क्षेत्र स्थिति

बैकिङ्ग क्षेत्र

२६. आर्थिक वर्ष २०७७/७८ मा बैक तथा वित्तीय संस्थाको निक्षेप परिचालन २१.४ प्रतिशतले वृद्धि भई रु.४,६६२ अर्ब ७३ करोड पुगेको छ । अघिल्लो वर्ष निक्षेप परिचालन १८.७ प्रतिशतले वृद्धि भई रु.३,८३९ अर्ब ७३ करोड रहेको थियो ।

२७. आर्थिक वर्ष २०७७/७८ मा बैक तथा वित्तीय संस्थाको निजी क्षेत्रतर्फ लगानीमा रहेको कर्जा २७.३ प्रतिशतले वृद्धि भई रु.४,०८४ अर्ब ८१ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो कर्जा १२.० प्रतिशतले बढेर रु.३,२०९ अर्ब ७९ करोड रहेको थियो ।

२८. बैंक तथा वित्तीय संस्था (लघुवित्त वित्तीय संस्था समेत) को चुक्ता पुँजी २०७७ असार मसान्तमा रु. ३५२ अर्ब ३७ करोड रहेकोमा २०७८ असार मसान्तमा १०.८ प्रतिशतले वृद्धि भई रु. ३९० अर्ब ४३ करोड पुगेको छ ।

२९. २०७८ असार मसान्तमा वाणिज्य बैंकहरूको पुँजी कोष पर्याप्तता अनुपात १४.१ प्रतिशत, विकास बैंकहरूको १३.२ प्रतिशत र वित्त कम्पनीहरूको २२.० प्रतिशत रहेको छ । २०७७ असार मसान्तमा यी अनुपातहरू क्रमशः १४.० प्रतिशत, १४.४ प्रतिशत र १९.६ प्रतिशत रहेका थिए ।

३०. २०७८ असार मसान्तमा वाणिज्य बैंकहरुको निष्क्रिय कर्जा अनुपात १.५ प्रतिशत, विकास बैंकहरुको १.५ प्रतिशत र वित्त कम्पनीहरुको ६.२ प्रतिशत रहेको छ । २०७७ असार मसान्तमा यी अनुपातहरु क्रमशः १.८ प्रतिशत, १.५ प्रतिशत र ६.२ प्रतिशत रहेका थिए ।

३१. विगत एक दशक यता यस बैंकले वित्तीय स्थायित्व सुदृढीकरण गर्ने उद्देश्यले बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने/गाभिने नीतिगत व्यवस्था भए पश्चात् २०७८ असार मसान्तसम्म कुल २२९ बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने प्रक्रियामा सामेल भएका छन् । यीमध्ये १७१ संस्थाहरुको इजाजत खारेज भई ५८ संस्था कायम भएका छन् ।

३२. बैंक तथा वित्तीय संस्थाका शाखा बिस्तारसँगै वित्तीय पहुँच बढेको छ । बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या २०७७ असार मसान्तमा ९,७६५ रहेकोमा २०७८ असार

मसान्तमा १०,६८३ पुगेको छ । उक्त अवधिमा प्रति बैंक शाखा जनसंख्या ३,०७२ बाट घटेर २,८४४ कायम भएको छ । वाणिज्य बैंकका शाखा ७५० स्थानीय तहहरुमा पुगेका छन् ।

सम्झौतीत बचत परिचालन

३३. कर्मचारी सञ्चय कोषको स्रोत/उपयोग २०७७ असार मसान्तमा रु. ३८४ अर्ब १ करोड रहेकोमा २०७७ चैत मसान्तमा रु. ४२४ अर्ब ९ करोड पुगेको छ । उक्त अवधिमा संचयकर्ताहरुको सञ्चित रकम ८.८ प्रतिशतले वृद्धि भई रु. ३८० अर्ब ५४ करोड पुगेको छ भने कर्जा सापटी ५.६ प्रतिशतले वृद्धि भई रु. २६६ अर्ब ५६ करोड पुगेको छ ।

३४. नागरिक लगानी कोषको स्रोत/उपयोग २०७७ असार मसान्तमा रु. १६१ अर्ब ८ करोड रहेकोमा २०७७ चैत मसान्तमा रु. १८१ अर्ब ७९ करोड पुगेको छ । सो अवधिमा कोष संकलन १०.९ प्रतिशतले वृद्धि भई रु. १५६ अर्ब ७४ करोड पुगेको छ भने कर्जा सापटी ८.९ प्रतिशतले वृद्धि भई रु. ४९ अर्ब ६२ करोड पुगेको छ ।

३५. बीमा कम्पनीहरुको स्रोत/उपयोग २०७७ असार मसान्तमा रु. ४३७ अर्ब २६ करोड रहेकोमा २०७७ चैत मसान्तमा १८.४ प्रतिशतले वृद्धि भई रु. ५१७ अर्ब ८२ करोड पुगेको छ ।

पुँजी बजार

३६. २०७७ असार मसान्तमा १,३६२.४ रहेको नेप्से सूचकाङ्क २०७८ असार मसान्तमा २,८८३.४ कायम भएको छ । त्यसैगरी बजार पुँजीकरण २०७७ असार मसान्तमा रु. १,७९२ अर्ब ७६ करोड रहेकोमा २०७८ असार मसान्तमा १२३.७ प्रतिशतले वृद्धि भई रु. ४,०१० अर्ब ९६ करोड कायम भएको छ ।

३७. आर्थिक वर्ष २०७७/७८ मा नेपाल धितोपत्र बोर्डले रु. २३ अर्ब ४ करोड बराबरको ऋणपत्र, रु. १५ अर्ब १८ करोड बराबरको साधारण शेयर, रु. १४ अर्ब ५ करोड बराबरको हकप्रद शेयर र रु. ९ अर्ब ४० करोड बराबरको म्युचुअल फण्ड गरी कुल रु. ६१ अर्ब ६७ करोड बराबरको धितोपत्र सार्वजनिक निष्काशन गर्न अनुमति दिएको छ ।

३८. आर्थिक वर्ष २०७७/७८ मा १६ वाणिज्य बैंक, ४ विकास बैंक र १ वित्त कम्पनी गरी २१ बैंक तथा वित्तीय संस्थाहरुले रु. ६९ अर्ब ६० करोडको ऋणपत्र निष्काशन गर्न नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका छन् । २०७८ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट ऋणपत्रमार्फत् रु.१०० अर्ब ३८ करोड वित्तीय साधन परिचालन भएको छ ।

सहकारी संस्था

३९. २०७७ असार मसान्तमा सहकारी संस्थाहरुको बचत परिचालन रु. ३५० अर्ब ५८ करोड रहेकोमा २०७७ चैत्र मसान्तमा रु. ४७७ अर्ब ९६ करोड पुगेको छ । सो अवधिमा सहकारी संस्थाहरुबाट प्रवाह भएको ऋण रु. ३४१ अर्ब ७१ करोडबाट वृद्धि भई रु. ४२६ अर्ब २६ करोड पुगेको छ ।

आर्थिक वर्ष २०७७/७८ को मौद्रिक नीतिको समीक्षा

मौद्रिक व्यवस्थापन

४०. आर्थिक वर्ष २०७७/७८ मा विस्तृत मुद्राप्रदायको वार्षिक वृद्धिदर १८.० प्रतिशत हुने प्रक्षेपण रहेकोमा २१.८ प्रतिशत कायम भएको छ ।

४१. आर्थिक वर्ष २०७७/७८ मा मौद्रिक क्षेत्रबाट प्रवाह हुने निजी क्षेत्रतर्फको कर्जाको वृद्धिदर २०.० प्रतिशत हुने प्रक्षेपण रहेकोमा २६.३ प्रतिशत कायम भएको छ ।

४२. बैंक तथा वित्तीय संस्थाहरुको अन्तरबैंक दर १.० प्रतिशतदेखि ५.० प्रतिशतको करिडोर भित्र कायम गर्ने मौद्रिक नीतिको संचालन लक्ष्य रहेकोमा २०७८ असारमा यस्तो भारित औसत अन्तर-बैंक दर ४.१४ प्रतिशत रहेको छ ।

४३. आर्थिक वर्ष २०७७/७८ मा रु. ४३८ अर्ब २८ करोड तरलता प्रवाह भएको छ । यस अर्न्तगत रिपोमार्फत् रु. ६७ अर्ब ९४ करोड र स्थायी तरलता सुविधामार्फत् रु. ३७० अर्ब ३४ करोड प्रवाह भएको छ ।

४४. आर्थिक वर्ष २०७७/७८ मा रु. ३०३ अर्ब २९ करोड तरलता प्रशोचन भएको छ । यस अन्तर्गत रिभर्स रिपोमार्फत् रु. १०९ अर्ब ५४ करोड र निक्षेप संकलन बोलकवोलमार्फत् रु. १९३ अर्ब ७५ करोड प्रशोचन गरिएको छ ।

४५. आर्थिक वर्ष २०७७/७८ मा यस बैंकले वाणिज्य बैंकहरूबाट अमेरिकी डलर ३ अर्ब ६२ करोड खुद खरिद गरी रु.४२८ अर्ब ५४ करोड तरलता प्रवाह गरेको छ । सोही अवधिमा अमेरिकी डलर ४ अर्ब ५४ करोड बिक्री गरी रु. ५३५ अर्ब २३ करोड बराबरको भा.रु. खरिद गरेको छ ।

४६. आर्थिक वर्ष २०७७/७८ मा वाणिज्य बैंकहरूबीच रु. १,७८२ अर्ब ९६ करोड र बैंक तथा वित्तीय संस्थाहरू (वाणिज्य बैंकहरूबीच मात्र बाहेक) बीच रु. २१३ अर्ब ६२ करोडको अन्तरबैंक कारोबार भएको छ ।

४७. २०७८ असारमा ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर ४.५५ प्रतिशत रहेको छ ।

४८. वाणिज्य बैंकहरुको औसत आधार दर २०७७ असारमा ८.५० प्रतिशत रहेकोमा २०७८ असारमा ६.८६ प्रतिशत कायम भएको छ । २०७७ असारमा निक्षेपको भारित औसत ब्याजदर ६.०१ प्रतिशत रहेकोमा २०७८ असारमा ४.६५ प्रतिशत कायम भएको छ । त्यसैगरी, २०७७ असारमा कर्जाको भारित औसत ब्याजदर १०.११ प्रतिशत रहेकोमा २०७८ असारमा ८.४३ प्रतिशत कायम भएको छ ।

क्षेत्रगत कर्जा

कृषि तथा ऊर्जा

४९. वाणिज्य बैंकले कुल कर्जा लगानीको २०७८ असार मसान्तसम्म न्यूनतम ११ प्रतिशत, २०७९ असार मसान्तसम्म १३ प्रतिशत र २०८० असार मसान्तसम्म १५ प्रतिशत कृषि क्षेत्रमा प्रवाह गर्नुपर्ने व्यवस्था गरिएकोमा २०७८ असार मसान्तमा उक्त क्षेत्रमा १३.२ प्रतिशत (रु.४२५ अर्ब ८३ करोड) कर्जा प्रवाह भएको छ ।

५०. वाणिज्य बैंकहरूले कुल कर्जा लगानीको २०७८ असार मसान्तसम्म न्यूनतम ६ प्रतिशत, २०७९ असार मसान्तसम्म ७ प्रतिशत, २०८० असार मसान्तसम्म ९ प्रतिशत र २०८१ असार मसान्तसम्म १० प्रतिशत ऊर्जा क्षेत्रमा कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था गरिएकोमा २०७८ असार मसान्तमा उक्त क्षेत्रमा कुल कर्जाको ६.० प्रतिशत (रु. १९४ अर्ब १३ करोड) प्रवाह भएको छ ।

लघु, घरेलु, साना तथा मझौला उद्यम कर्जा

५१. वाणिज्य बैंकहरुले कुल कर्जा लगानीको २०७८ असारमा न्यूनतम ११ प्रतिशत, २०७९ असारमा १२ प्रतिशत, २०८० असारमा १४ प्रतिशत र २०८१ असारमा १५ प्रतिशत लघु, घरेलु, साना तथा मझौला उद्यम क्षेत्रमा रु. १ करोड भन्दा कम रकमको कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था रहेको छ । वाणिज्य बैंकहरुबाट २०७८ असार मसान्तमा यस प्रकारको कर्जा १०.१ प्रतिशत (रु. ३२७ अर्ब ८० करोड) प्रवाह भएको छ ।

विपन्न वर्ग कर्जा

५२. वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीले आफ्नो कुल कर्जा लगानीको न्यूनतम ५ प्रतिशत विपन्न वर्गमा प्रवाह गर्नुपर्ने व्यवस्था रहेकोमा २०७८ असार मसान्तमा कुल कर्जाको ७ प्रतिशत प्रवाह भएको छ ।

सहुलियतपूर्ण कर्जा

५३. उत्पादन अभिवृद्धि, रोजगारी सिर्जना र उद्यमशीलता विकासका लागि नेपाल सरकारको ब्याज अनुदानमा सञ्चालित सहुलियतपूर्ण कर्जा कार्यक्रम अन्तर्गत २०७८ असारसम्ममा १,०४,१०९ ऋणीलाई रु. १६१ अर्ब ४४ करोड कर्जा प्रवाह भएको छ। यसमध्ये कृषि तथा पशुपंक्षी व्यवसायमा ४६,०५७ ऋणीलाई रु. १०६ अर्ब ९८ करोड र ५५,५५१ महिला उद्यमीलाई रु. ५० अर्ब ९८ करोड कर्जा लगानी भएको छ। सहुलियतपूर्ण कर्जाका अन्य ८ शीर्षक अन्तर्गत २,५०१ ऋणीहरुसँग रु. ३ अर्ब ४८ करोड कर्जा लगानीमा रहेको छ।

कोभिड-१९ लक्षित कर्जा

पुनरकर्जा

५४. कोभिड-१९ महामारीबाट प्रभावित अर्थतन्त्रको पुनरुत्थानको लागि तोकिएका पेशा, उद्यम र व्यवसायहरुलाई ब्याजदरमा सहुलियत दिने उद्देश्यले कार्यान्वयनमा ल्याइएको पुनरकर्जा सुबिधाको व्यवस्थाबाट २०७८ असार मसान्तसम्ममा ४८,८९० ऋणीलाई रु. १४८ अर्ब ७५ करोड पुनरकर्जा स्वीकृत भएको छ।

५५. स्वास्थ्य सेवा प्रदायक संस्था, अस्पताल वा उद्योगहरुले लिक्विड अक्सिजन प्लाण्ट स्थापना गर्न रु. ५० करोडसम्म र अक्सिजन प्लाण्ट स्थापना गर्न रु. २० करोडसम्मको कर्जा उपलब्ध हुने व्यवस्था कार्यान्वयनमा ल्याइएको छ।

चालु पुँजी कर्जा

५६. कोभिड-१९ बाट अतिप्रभावित उद्योग व्यवसाय सुचारु गर्न सहजीकरण गर्ने उद्देश्यले चालु पुँजी कर्जा उपयोग गरेका ऋणीलाई चालु पुँजी कर्जाको अधिकतम २० प्रतिशत थप कर्जा उपलब्ध गराउन सक्ने व्यवस्था गरिएकोमा १६,१८२ ऋणीलाई रु. १४ अर्ब २४ करोड यस्तो कर्जा प्रवाह भएको छ।

५७. आवधिक कर्जा मात्र उपयोग गरेका ऋणीलाई सोही कर्जाको धितोमा अधिकतम १० प्रतिशतसम्म थप कर्जा उपलब्ध गराउन सक्ने व्यवस्था गरिएकोमा ७,२६९ ऋणीलाई रु. ९ अर्ब ३६ करोड कर्जा प्रवाह भएको छ।

कर्जाको ग्रेस अवधि थप

५८. कोभिड-१९ को कारण परियोजना निर्माण सम्पन्न/संचालन हुन नसकेको अवस्थामा बैंक तथा वित्तीय संस्थाले कर्जाको ग्रेस अवधि थप गर्नसक्ने व्यवस्था गरिएकोमा ९९३ ऋणीको

जम्मा रु. ५२ अर्ब कर्जाको ग्रेस अवधि थप भएको छ । यसमध्ये, न्यून प्रभावित १७४ ऋणीको रु. ३ अर्ब ९५ करोड कर्जा ६ महिना, मध्यम प्रभावित ३२१ ऋणीको रु. १८ अर्ब ४१ करोड कर्जा ९ महिना र अति प्रभावित ४९८ ऋणीको रु. २९ अर्ब ६३ करोड कर्जाको ग्रेस अवधि १ वर्ष थप भएको छ ।

कर्जाको भुक्तानी अवधि थप

५९. कोभिड-१९ को कारण कर्जाको साँवा र ब्याज भुक्तानी गर्न समस्यामा परेका ऋणीहरुका लागि कर्जा भुक्तानी अवधि थप गर्ने व्यवस्था भए बमोजिम १९,७८६ ऋणीको जम्मा रु. ९३ अर्ब ६३ करोड कर्जाको भुक्तानी अवधि थप भएको छ । यसमध्ये, न्यून प्रभावित विभिन्न पेशा, उद्योग र व्यवसायका ७,६८८ ऋणीको रु. ३० अर्ब ३ करोड कर्जाको भुक्तानी अवधि ६ महिना, मध्यम प्रभावित ७,८८७ ऋणीको रु. २८ अर्ब २७ करोड कर्जाको भुक्तानी अवधि ९ महिना र अति प्रभावित ४,०१२ ऋणीको रु. १४ अर्ब ४७ करोड कर्जाको भुक्तानी अवधि १ वर्ष थप भएको छ । कोभिड-१९ बाट अति प्रभावित पर्यटन लगायत तोकिएका उद्योग व्यवसाय क्षेत्रका १९९ ऋणीको रु. २० अर्ब ८६ करोड कर्जाको भुक्तानी अवधि २ वर्षको लागि थप भएको छ ।

कर्जाको पुनरसंरचना तथा पुनरतालिकीकरण

६०. कर्जाको पुनरसंरचना तथा पुनरतालिकीकरण गर्न सक्ने व्यवस्था बमोजिम २०७७ पुस मसान्तसम्म कोभिड-१९ बाट प्रभावित क्षेत्रका २१,६१७ उद्यमी व्यवसायीको रु. १२९ अर्ब २१ करोड कर्जा पुनरसंरचना तथा पुनरतालिकीकरण भएको छ ।

व्यवसाय निरन्तरता कर्जा

६१. कोभिड-१९ प्रभावित पर्यटन र घरेलु, साना तथा मझौला उद्यम क्षेत्रको व्यवसाय निरन्तरतामा सहयोग पुऱ्याउन ती क्षेत्रका श्रमिक तथा कर्मचारीको पारिश्रमिक भुक्तानीका लागि नेपाल सरकारबाट व्यवस्था गरिएको व्यवसाय निरन्तरता कर्जा कार्यक्रम अन्तरर्गत २०७८ असारसम्ममा रु. ९५ करोड ६७ लाख स्वीकृत भई रु. ७३ करोड ६८ लाख लगानीमा रहेको छ ।

आर्थिक वर्ष २०७८/७९ को आर्थिक परिदृश्य

६२. आगामी वर्ष कोभिड-१९ महामारीले संकुचित रहेको विश्व अर्थतन्त्रको पुनरुत्थानमा सुधार आउनुको साथै मुद्रास्फीति न्यून रहने अन्तर्राष्ट्रिय मुद्राकोषको अनुमान छ । यद्यपि आर्थिक पुनरुत्थानको गति कोरोना विरुद्धको खोपमा पहुँच हुने र नहुने मुलुकहरुबीच भिन्न हुने

देखिएको छ । सन् २०२१ मा विश्व अर्थतन्त्रको बिस्तार ६.० प्रतिशतले र सन् २०२२ मा ४.९ प्रतिशतले हुने प्रक्षेपण छ । त्यसैगरी, सन् २०२२ मा विकसित मुलुकहरुको मुद्रास्फीति २.१ प्रतिशत र उदीयमान तथा विकासोन्मुख मुलुकहरुको मुद्रास्फीति ४.७ प्रतिशत रहने प्रक्षेपण छ ।

६३. वर्षायामको शुरुवात मै कतिपय स्थानहरुमा बाढी-पहिरो जस्ता प्राकृतिक प्रकोपबाट जन-धनमा क्षति पुगेको छ । तथापि, समग्रमा मौसम अनुकूल रहने पूर्वानुमान रहेको, उन्नत बीऊ तथा रासायनिक मलको उपलब्धता बढेको र कृषि कर्जामा पहुँच बिस्तार हुँदै गएको सन्दर्भमा कृषि क्षेत्रको उत्पादन वृद्धि सन्तोषजनक रहने अनुमान छ । त्यसैगरी, आर्थिक वर्ष २०७८/७९ मा नेपालमा कोभिड-१९ विरुद्ध खोप उपलब्ध भई उद्योग र सेवा क्षेत्रमा सुधार आउने अपेक्षाको आधारमा आर्थिक वृद्धि सुधार हुने आँकलन छ ।

६४. पछिल्लो समय मुद्रास्फीति नियन्त्रित रहेको छ । तथापि, आर्थिक पुनरुत्थानले गति लिएसँगै समष्टिगत माग बिस्तार हुने अवस्था रहेको, अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य वृद्धि भइरहेको र नेपाली रुपैयाँको परिवर्त्य विदेशी मुद्रासँगको विनिमय दरमा उतारचढाव आइरहेकोले मूल्यमा केही चाप पर्ने देखिएको छ ।

६५. कोभिड-१९ महामारीबीच पनि निर्यात र विप्रेषण आप्रवाह सन्तोषजनक रहेको छ । पछिल्लो समय आयात वृद्धिमा तीव्रता आउन थालेको र वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या बढ्न नसकेको कारण विप्रेषण आप्रवाहमा जोखिम कायमै रहेकोले शोधनान्तर स्थितिमा दवाव पर्न सक्ने सम्भावना छ । तथापि, कोरोना विरुद्ध खोप उपलब्ध हुन थालेको हुँदा वैदेशिक रोजगारीमा जाने संख्या बढ्न सक्ने देखिन्छ । समग्रमा, आर्थिक पुनरुत्थानसँगै शोधनान्तर स्थितिमा चाप पर्न सक्ने भए पनि विदेशी विनिमय सञ्चिति सुविधाजनक स्थितिमा रहने देखिन्छ ।

६६. आर्थिक पुनरुत्थानले गति लिएसँगै कर्जाको माग बढ्ने देखिन्छ । सो अनुरुप निक्षेप संकलन लगायतका वित्तीय साधन परिचालन हुन नसकेमा तरलतामा दवाव सिर्जना भई कर्जाको ब्याजदरमा चाप पर्ने सम्भावना छ ।

आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीतिको स्वरुप

कार्यदिशा

६७. कोभिड-१९ महामारीबाट प्रभावित क्षेत्रहरुको पुनरुत्थान गर्दै अर्थतन्त्र बिस्तारमा सहयोग पुऱ्याउन मौद्रिक सहजीकरण गर्नुपर्ने र आर्थिक तथा वित्तीय स्थायित्व कायम गर्न कसिलो मौद्रिक नीति अवलम्बन गर्नुपर्ने अवस्थाबीच तालमेल मिलाई मौद्रिक नीतिको सन्तुलित कार्यदिशा अवलम्बन गरिनेछ ।

६८. मूल्य तथा वाह्य क्षेत्र स्थायित्वमा पर्नसक्ने दवावतर्फ सजग रहँदै मौद्रिक नीतिको अंकुश (Anchor) को रुपमा रहेको विद्यमान स्थिर विनिमयदर पद्धतिलाई कायम राख्दै समष्टिगत आर्थिक स्थितिका आधारमा मौद्रिक व्यवस्थापन गरिनेछ ।

६९. वित्तीय स्रोत परिचालनको दायरा फराकिलो बनाउँदै उपलब्ध वित्तीय साधनलाई उत्पादन अभिवृद्धि, रोजगारी सिर्जना, उद्यमशीलता विकास र दिगो तथा समावेशी आर्थिक विकास हासिल गर्नेतर्फ परिलक्षित गरिनेछ ।

७०. ब्याजदर करिडोरको प्रभावकारी कार्यान्वयन मार्फत् ब्याजदर स्थायित्व कायम हुने गरी तरलता व्यवस्थापन गरिनेछ ।

७१. वित्तीय क्षेत्रको विकास र स्थायित्वका लागि बैंक तथा वित्तीय संस्थाहरुमा सुशासन प्रवर्द्धन तथा सुदृढीकरण गरी वित्तीय मध्यस्थताको कार्यलाई कुशल र प्रभावकारी बनाइने छ ।

७२. भुक्तानी कारोबारमा विद्युतीय माध्यमको प्रयोगलाई प्रवर्द्धन गरी नगद कारोबार न्यूनीकरण गर्दै लगिने छ ।

७३. वित्तीय पूर्वाधारको विकास र वित्तीय साक्षरता अभिवृद्धिमार्फत् वित्तीय पहुँच तथा वित्तीय समावेशीकरण प्रवर्द्धन गरिनेछ ।

आर्थिक तथा मौद्रिक लक्ष्य

७४. आर्थिक वर्ष २०७८/७९ मा उपभोक्ता मुद्रास्फीति औसत ६.५ प्रतिशतभित्र सीमित राख्नुको साथै आर्थिक पुनरुत्थानलाई प्राथमिकता दिँदै अर्थतन्त्र बिस्तारमा सहयोग पुग्ने गरी तरलता व्यवस्थापन गरिनेछ ।

७५. आर्थिक वर्ष २०७८/७९ मा कम्तिमा ७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त विदेशी विनिमय सञ्चिति कायम हुने गरी मौद्रिक तथा वाह्य क्षेत्र व्यवस्थापन गरिनेछ ।

७६. प्रचलित मूल्यको कुल गार्हस्थ्य उत्पादनलाई मौद्रिक प्रक्षेपणको आधारको रुपमा लिई आर्थिक वर्ष २०७८/७९ मा विस्तृत मुद्राप्रदायको बिस्तार १८ प्रतिशत र निजी क्षेत्रतर्फको कर्जा बिस्तार १९ प्रतिशत हुने प्रक्षेपण रहेको छ।

संचालन लक्ष्य तथा उपकरण

७७. बैक तथा वित्तीय संस्थाले कायम गर्नु पर्ने अनिवार्य नगद अनुपात ३ प्रतिशतको विद्यमान व्यवस्थालाई यथावत राखिएको छ।

७८. बैक तथा वित्तीय संस्थाले अन्तिम ऋणदाता सुविधाको रुपमा उपयोग गर्ने बैंकदरलाई ५ प्रतिशतमा यथावत राखिएको छ।

७९. ब्याजदर करिडोरको माथिल्लो सीमाको रुपमा रहेको स्थायी तरलता सुविधा दर ५ प्रतिशतलाई यथावत् राखिएको छ। करिडोरको तल्लो सीमाको रुपमा रहेको निक्षेप संकलन दरलाई १ प्रतिशतबाट वृद्धि गरी २ प्रतिशत र नीतिगत दरको रुपमा रहेको रिपोदरलाई ३ प्रतिशतबाट वृद्धि गरी ३.५ प्रतिशत कायम गरिनेछ। खुला बजार कारोबारलाई थप सक्रिय बनाई ब्याजदर करिडोरको व्यवस्थालाई प्रभावकारी बनाइने छ।

८०. वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीले कायम गर्नुपर्ने विद्यमान वैधानिक तरलता अनुपात क्रमशः १० प्रतिशत, ८ प्रतिशत र ७ प्रतिशतलाई यथावत कायम राखिएको छ।

आर्थिक वर्ष २०७८/७९ को वित्तीय क्षेत्र सम्बन्धी व्यवस्था

स्रोत परिचालन

८१. वाणिज्य बैंकहरुका अतिरिक्त राष्ट्रिय स्तरका विकास बैंक, वित्त कम्पनी र थोक कारोबार गर्ने लघुवित्त वित्तीय संस्थाहरुले समेत आफ्नो चुक्ता पुँजीको २५ प्रतिशत ऋणपत्र जारी गर्ने व्यवस्था मिलाइने छ।

८२. कृषि र ऊर्जा क्षेत्रको विकासमा दीर्घकालीन साधन परिचालन गर्ने उद्देश्यले कार्यान्वयनमा ल्याइएको कृषि र ऊर्जा ऋणपत्र सम्बन्धी विद्यमान व्यवस्थालाई निरन्तरता दिइने छ।

८३. वैदेशिक रोजगारीमा रहेका नेपालीको विप्रेषण बैंकिङ्ग प्रणालीमार्फत् भित्र्याउन र बचत गर्न प्रोत्साहित गर्ने उद्देश्यले बैंकिङ्ग प्रणालीबाट प्राप्त हुने विप्रेषण रकम बैंक तथा वित्तीय संस्थाहरुमा जम्मा गरेमा न्यूनतम १ प्रतिशत बिन्दु थप ब्याज पाउने व्यवस्था मिलाइने छ।

कर्जा प्रवाह

८४. वाणिज्य बैंकहरुले कृषि, ऊर्जा र लघु, घरेलु, साना एवम् मझौला उद्यमका क्षेत्रमा रु. १ करोड भन्दा कम रकमका कर्जा प्रवाह गर्नुपर्ने १५ प्रतिशतको न्यूनतम अनुपातको विद्यमान व्यवस्थालाई निरन्तरता दिइएको छ ।

८५. कृषि, लघु तथा घरेलु क्षेत्रमा कर्जा प्रवाहलाई थप प्रोत्साहित गर्न गाँउपालिका तथा नगरपालिकाको सरकारी कारोबार सञ्चालन गर्ने वाणिज्य बैंकका शाखाहरुमा कृषि, लघु तथा घरेलु कर्जा सम्बन्धी फोकल डेस्कको स्थापना हुने व्यवस्था मिलाईने छ ।

८६. बैक तथा वित्तीय संस्थाहरुले प्रवाह गर्ने विपन्न वर्ग कर्जा सम्बन्धी विद्यमान व्यवस्थामा आवश्यक परिमार्जन गर्दै यस्तो कर्जा लघु, घरेलु, साना तथा मझौला उद्योग/व्यवसाय सम्बन्धी कर्जामा क्रमशः समायोजन गर्दै लगिने छ ।

विपन्न वर्ग कर्जा

८७. कोभिड-१९ को कारण पर्यटन क्षेत्रमा रोजगारी गुमाएका व्यक्ति स्वरोजगार हुनेगरी व्यवसाय सञ्चालन गर्न प्रवाह हुने रु. १५ लाखसम्मको कर्जालाई विपन्न वर्ग कर्जामा गणना गर्न सकिने व्यवस्था मिलाइने छ ।

८८. ऋणी स्वयम् रोजगार हुने उद्देश्यले सवारी साधन खरिद गर्न प्रवाह हुने रु. २५ लाखसम्मको कर्जालाई विपन्न वर्ग कर्जामा गणना गर्न सक्ने व्यवस्था मिलाइने छ ।

८९. महिला उद्यमीद्वारा लघु उद्यम तथा स्वरोजगारमूलक व्यवसाय सञ्चालन गर्न परियोजनाको धितोमा प्रवाह हुने रु. २० लाखसम्मको कर्जालाई विपन्न वर्ग कर्जामा गणना हुने व्यवस्था गरिनेछ । यस्तो कर्जाको अनिवार्य रुपमा बीमा गर्नु पर्ने व्यवस्था मिलाइने छ ।

९०. वास्तविक कृषि व्यवसायीलाई रु. २० लाखसम्म कृषि व्यवसाय सञ्चालन गर्न परियोजनाको धितोमा प्रवाह हुने कर्जालाई विपन्न वर्ग कर्जामा गणना हुने व्यवस्था गरिनेछ । यस्तो कर्जाको अनिवार्य रुपमा बीमा गर्नु पर्ने व्यवस्था मिलाइने छ ।

सहुलियतपूर्ण कर्जा

९१. उत्पादनशील अर्थतन्त्र निर्माणको लागि उत्पादन अभिवृद्धि, रोजगारी सिर्जना र उद्यमशीलता विकास गर्न नेपाल सरकारको सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि अनुरुप सहुलियतपूर्ण कर्जा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

आर्थिक पुनरुत्थान लक्षित विशेष कार्यक्रम

पुनरकर्जा

९२. कोभिड-१९ महामारीबाट प्रभावित उद्योग/व्यवसायको शीघ्र पुनरुत्थानको लागि कार्यान्वयनमा ल्याइएको पुनरकर्जाको विद्यमान व्यवस्थालाई निरन्तरता दिँदै गत आर्थिक वर्षमा व्यवस्था गरिएको पुनरकर्जा रकमको अधिकतम सीमा नघट्ने गरी पुनरकर्जा सुविधा उपलब्ध हुने व्यवस्था मिलाइने छ । पुनरकर्जा सुविधा उपलब्ध गराउँदा लघु, घरेलु, साना तथा मझौला उद्यम/व्यवसायलाई प्राथमिकता दिइने छ ।

व्यवसाय निरन्तरता कर्जा

९३. कोभिड-१९ महामारीका कारण संकटग्रस्त उद्योग, पर्यटन व्यवसाय, सञ्चार, यातायात, पार्टी प्यालेस, ब्यायामशाला, सिनेमा तथा मनोरञ्जन उद्योग लगायतका व्यवसाय पुनरुत्थानको लागि व्यवसाय निरन्तरता कर्जा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

कर्जा भुक्तानी अवधि थप, पुनरसंरचना तथा पुनरतालिकीकरण

९४. कोभिड-१९ महामारीले समग्र अर्थतन्त्रमा पारेको प्रभाव समेतलाई मध्यनजर गरी बैक तथा वित्तीय संस्थाहरुले कर्जा प्रदान गरेका ऋणी फर्म, कम्पनी वा संस्था लगातार २ बर्षसम्म खुद नोक्सानीमा रहेमा सूक्ष्म निगरानी वर्गमा वर्गीकरण गर्नु पर्ने व्यवस्थालाई परिवर्तन गरी लगातार ३ वर्षसम्म खुद नोक्सानीमा रहेमा मात्र सूक्ष्म निगरानी वर्गमा वर्गीकरण गर्नु पर्ने व्यवस्था गरिनेछ ।

९५. बैंक तथा वित्तीय संस्थाहरुले कर्जा प्रवाह गरेका ऋणीहरुमध्ये कोभिड-१९ को कारण वित्तीय अवस्था तथा नगद प्रवाहमा नकारात्मक असर परेका ऋणीहरुलाई बैंक तथा वित्तीय संस्था स्वयंले विश्लेषण गरी किस्ता रकम घटाई भुक्तानी अवधि थप गर्न सकिने व्यवस्था गरिनेछ ।

९६. निषेधाज्ञा अवधिको २०७८ असारसम्म भुक्तानी गर्नु पर्ने इएमआई/इक्यूआई वा अन्य साँवा ब्याज भुक्तानी गर्न नसकेका ग्राहकहरुको वित्तीय स्थिति बैंक तथा वित्तीय संस्थाले मूल्याङ्कन गरी २०७८ पुस मसान्तसम्म भुक्तानी म्याद थप गर्न सक्ने व्यवस्था गरिनेछ ।

९७. कोभिड-१९ महामारीबाट अति प्रभावित क्षेत्रमध्ये होटल, ट्राभल, ट्रेकिङ्ग र हवाई सेवा लगायतका वाह्य पर्यटकमा निर्भर रहनुपर्ने व्यवसायी ऋणीको हकमा अन्तर्राष्ट्रिय भ्रमण सहज भई यथेष्ठ रुपमा पर्यटकको आगमन हुने अवस्था नदेखिएको हुँदा त्यस्ता ऋणीको वित्तीय अवस्था विश्लेषण गरी आवश्यकता अनुसार २०७९ असार मसान्तसम्म पाक्ने ब्याज छुट्टै हिसावमा राख्ने व्यवस्था गरिनेछ । यस्तो रकममा थप हर्जाना र पेनाल ब्याज नलाग्ने व्यवस्था मिलाईने छ ।

९८. कोभिड-१९ महामारीबाट अति प्रभावित क्षेत्रमध्ये रेष्टुरेण्ट, पार्टी प्यालेस, सार्वजनिक यातायात, शिक्षण संस्था र मनोरञ्जन व्यवसायका ऋणीले २०७८ पुससम्म भुक्तान गर्नुपर्ने साँवा तथा ब्याज दायित्वको समयावधि एक वर्षसम्म थप गरी कम्तिमा चार किस्तामा भुक्तानी गर्न सक्ने व्यवस्था गरिनेछ । यो व्यवस्था कोभिड-१९ महामारीका कारण नगद प्रवाह अवरुद्ध भएका लघु, घरेलु, साना र मझौला व्यवसायलाई समेत लागू हुने छ ।

९९. कोभिड-१९ बाट अति प्रभावित पर्यटन, चलचित्र, पार्टी प्यालेस, सार्वजनिक यातायात तथा शिक्षा क्षेत्रमा प्रवाह भएको कर्जा बैंक तथा वित्तीय संस्थाले मूल्याङ्कन गरी २०७८ पुस मसान्तसम्ममा पुनरसंरचना तथा पुनरतालिकीकरण गर्न सक्ने व्यवस्था मिलाइने छ ।

१००. कोभिड-१९ बाट अति प्रभावित सार्वजनिक यातायात संचालन/मर्मत सम्भारको लागि बैंक तथा वित्तीय संस्थाले प्रति सवारी साधन रु २ लाखसम्म थप कर्जा प्रदान गर्न सक्ने व्यवस्था मिलाईने छ ।

कर्जा सम्बन्धी अन्य व्यवस्था

१०१. बैंक तथा वित्तीय संस्थाहरुले २०७९ असार मसान्तसम्ममा कर्जा-निक्षेप अनुपात (Credit Deposit Ratio) अधिकतम ९० प्रतिशत कायम गर्नु पर्ने व्यवस्था गरी विद्यमान कर्जा-स्रोत परिचालन अनुपात (CCD Ratio) सम्बन्धी व्यवस्था खारेज गरिनेछ । पुँजी कोष र पुँजी कोषको अङ्गको रुपमा रहेका ऋणपत्र वाहेकका ऋणपत्र र सापटीलाई उपरोक्त बमोजिमको कर्जा-निक्षेप अनुपातमा समायोजन गर्न सकिने व्यवस्था गरिनेछ ।

१०२. बैंक तथा वित्तीय संस्थाले रु. १ अर्बभन्दा बढीको कर्जा लगानी गर्दा अनिवार्य रुपमा सहवित्तीयकरणमा जानु पर्ने व्यवस्था रहेकोमा त्यस्तो सीमा वृद्धि गरी रु. २ अर्ब पुऱ्याइने छ ।

१०३. ब्रोडवेण्ड प्रवर्द्धन गरी सर्वसाधारणमा इन्टरनेट पहुँच पुऱ्याउने गरी दुर्गम स्थानहरुमा सेवा पुऱ्याउने इन्टरनेट सेवा प्रदायक संस्थाहरुलाई विशेष पुनरकर्जा उपलब्ध गराइने छ ।

१०४. वाणिज्य बैंकहरुले २०७८ असार मसान्तमा कायम गर्नुपर्ने गरी तोकिएको क्षेत्रगत कर्जा अनुपात कोभिड-१९ को असरलाई दृष्टिगत गरी २०७९ असार मसान्तसम्मको लागि तोकिएको कर्जा अनुपात एकमुष्ट रुपमा पूरा गरे हुने व्यवस्था गरिनेछ ।

१०५. ब्याज पुँजीकरण गर्न यस बैंकबाट पूर्व स्वीकृति प्राप्त ग्रेस अवधिमा रहेका निर्माणाधीन आयोजनामा प्रवाहित कर्जाको २०७९ असार मसान्तसम्म पाकेको ब्याज पुँजीकरण गर्न सकिने व्यवस्था गरिनेछ ।

१०६. फलफूल, मसला, जडिबुटी लगायतका दीर्घकालीन कृषि परियोजनामा प्रवाह हुने कर्जाको ग्रेस अबधिमा पाकेको ब्याजलाई बैंक तथा वित्तीय संस्थाले पुँजीकरण गर्न सक्ने व्यवस्था मिलाइने छ ।

१०७. नेपाल सरकारबाट महामारीजन्य रोगको उपचारको लागि मान्यता प्राप्त खोप उत्पादन गर्ने उद्योग स्थापना गर्न बैंक तथा वित्तीय संस्थाहरुबाट आधार दरमा कर्जा उपलब्ध हुने व्यवस्था मिलाइने छ ।

१०८. कोभिड-१९ महामारीको असरका कारण लघु, घरेलु, साना तथा मझौला व्यवसायीले व्यवसाय परिवर्तन गर्न चाहेमा ऋण उपलब्धतामा सहजीकरण गर्न आवश्यक नीतिगत व्यवस्था गरिनेछ ।

१०९. बैंक तथा वित्तीय संस्थाहरुबाट शेयर धितोमा प्रवाह हुने मार्जिन प्रकृतिको कर्जामा तोकिएको विद्यमान कर्जा धितो मूल्य अनुपात यथावत कायम गरिएको छ ।

११०. बैंक तथा वित्तीय संस्थाहरुबाट शेयर धितोमा प्रवाह हुने मार्जिन प्रकृतिको कर्जा जोखिम न्यूनीकरण गर्दै साना लगानीकर्ताहरुको पहुँच अभिवृद्धि गर्ने अभिप्रायले यस्तो कर्जा एक व्यक्ति वा संस्थाले एक वित्तीय संस्थाबाट अधिकतम रु. ४ करोड र समग्र वित्तीय प्रणालीबाट अधिकतम रु. १२ करोडसम्म मात्र लिन सक्ने व्यवस्था मिलाइने छ । ऋणीले उक्त सीमाभन्दा बढी कर्जा उपभोग गरिरहेको अवस्थामा यस्तो कर्जा नियमित गर्न उपयुक्त समय सीमा प्रदान गरिने छ ।

१११. कोभिड-१९बाट प्रभावित विभिन्न पेशामा संलग्न पेशागत व्यवसायीहरुलाई निश्चित सीमासम्मको कर्जा उपलब्ध हुने व्यवस्था गरिनेछ ।

११२. विद्युतीय सवारी साधन खरिदको लागि कायम गरिएको कर्जा धितो अनुपातको विद्यमान सीमा यथावत कायम राख्दै यस्ता सवारी साधनको लागि आवश्यक चार्जिङ्ग स्टेशन स्थापनाको लागि प्रवाह हुने कर्जामा पुनरकर्जा उपलब्ध हुने व्यवस्था मिलाईने छ ।

११३. अस्पताल नभएका स्थानीयतहमा १०० बेडसम्मको अस्पताल स्थापना गर्न बैंक तथा वित्तीय संस्थाहरुबाट सहज रुपमा कर्जा प्रवाह हुने व्यवस्था मिलाइने छ ।

११४. प्राविधिक तथा व्यवसायीक तालीम प्रदान गर्ने संस्थाहरुलाई बैंक तथा वित्तीय संस्थाहरुबाट सहज रुपमा कर्जा उपलब्ध हुने व्यवस्था मिलाइने छ ।

११५. स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगहरु स्थापना तथा सञ्चालन गर्न वित्तीय स्रोत उपलब्ध गराउन सहजीकरण गरिनेछ ।

वित्तीय क्षेत्र सुदृढीकरण

११६. वित्तीय क्षेत्रको दिगो र समावेशी विकास तथा वित्तीय पहुँच अभिवृद्धिको लागि दोस्रो वित्तीय क्षेत्र विकास रणनीति र यस बैंकको चौथो रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

११७. विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९, विनिमेय अधिकारपत्र ऐन, २०३४, बैकिङ्ग कसुर ऐन, २०६४ लाई परिमार्जन गर्न संशोधन प्रक्रिया अघि बढाइने छ ।

११८. बैंक तथा वित्तीय संस्थाहरुको पुँजीको आधार दरिलो बनाई जोखिम वहन क्षमता सुदृढ तुल्याउन बैक तथा वित्तीय संस्थाहरु एक आपसमा स्वःस्फूर्त रुपमा गाभ्ने, गाभिने तथा प्राप्ति प्रक्रियामा सहभागी हुन थप प्रोत्साहित गरिनेछ ।

११९. आर्थिक वर्ष २०७८/७९ भित्र वाणिज्य बैंकहरु एक आपसमा गाभ्ने, गाभिने तथा प्राप्ति प्रक्रियामा सहभागी भई एकीकृत कारोवार संचालन गरेमा विद्यमान व्यवस्थाको अतिरिक्त देहाय बमोजिमका थप सुबिधा तथा छुट २०८० असार मसान्तसम्म प्रदान गरिनेछः

(क) तोकिएका क्षेत्रमा कर्जा प्रवाह गर्ने अवधि एक वर्ष थप गरिने ।

(ख) एकीकृत कारोबार गरेको एक वर्षसम्म अनिवार्य नगद मौज्दातको सीमामा ०.५ प्रतिशत बिन्दुले छुट प्रदान गरिने ।

(ग) एकीकृत कारोबार गरेको एक वर्षसम्म वैधानिक तरलता अनुपातमा १ प्रतिशत बिन्दुले छुट प्रदान गरिने ।

(घ) यस बैंकबाट तोकिएको प्रति संस्था निक्षेप संकलन सीमामा ५ प्रतिशत बिन्दुले थप गरिने ।

(ङ) संचालक समितिका सदस्य र उच्च पदस्थ कर्मचारी पदबाट हटेको कम्तिमा ६ महिना व्यतित नभई यस बैंकबाट इजाजतपत्र प्राप्त अन्य संस्थामा आबद्ध हुन नपाउने विद्यमान प्रावधानमा छुट प्रदान गरिने ।

(च) यस बैंकको निर्देशन बमोजिम कायम गर्नु पर्ने कर्जा र निक्षेपको ब्याजदर अन्तरमा १ प्रतिशत बिन्दुले छुट दिइने ।

(छ) एकीकृत कारोबार थालनी गर्दा कर्जा निक्षेप अनुपातले सीमा नाघेमा सो नियमित गर्न एक वर्षको समय प्रदान गरिने ।

(ज) एकीकृत कारोबार संचालनको क्रममा १ कि.मि. भित्रका शाखा कार्यालयहरु मध्ये कुनै एक शाखा कायम राखी अन्य शाखा गाभ्न वा बन्द गर्न यस बैंकको स्वीकृति आवश्यक नपर्ने व्यवस्था गरिने ।

(झ) वाणिज्य बैकको ०.१० प्रतिशत वा सोभन्दा कम शेयर धारण गरेका संस्थापक समूहको शेयर धनीहरुले यस्तो शेयर बिक्री गर्दा फिट एण्ड प्रपर टेस्ट अनिवार्य नहुने व्यवस्था गरिने ।

१२०. यस बैंकबाट समस्याग्रस्त घोषणा गरिएका विकास बैंक र वित्त कम्पनीलाई इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाले प्राप्ति गरेमा उपरोक्त बमोजिमका सुबिधा तथा छुट दिइने छ ।

१२१. बैंक तथा वित्तीय संस्थाहरुको गाभ्ने/गाभिने कार्यलाई थप प्रोत्साहन गर्न मर्जर/प्राप्ति पश्चात संस्थापक र सर्वसाधारण शेयर धारण गर्ने शेयरधनीले रोजेको एक समूहबाट मात्र सञ्चालकमा उम्मेदवारी दिन पाइने व्यवस्था गरिनेछ ।

१२२. प्रदेशस्तरमा सञ्चालित विकास बैंक एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति प्रक्रियामा संलग्न भई एकीकृत कारोबार संचालन गरेमा कार्यक्षेत्र भित्र पायक पर्ने स्थानमा कर्पोरेट कार्यालय स्थापना गर्न र प्रदेश राजधानी तथा काठमाडौंमा सम्पर्क कार्यालय खोल्न स्वीकृति प्रदान गरिनेछ ।

नियामकीय तथा सुपरिवेक्षकीय व्यवस्था

१२३. वाणिज्य बैंकहरुको लागि लागू गरिएको Counter Cyclical Buffer सम्बन्धी व्यवस्था २०७९ असार मसान्तसम्मका लागि स्थगन गरिएको छ ।

१२४. बैंक तथा वित्तीय संस्थाहरुले आवधिक प्रकृतिका कर्जा स्थिर ब्याजदर (Fixed Interest Rate) मा समेत प्रदान गर्नु पर्ने व्यवस्था गरिनेछ । बैंक तथा वित्तीय संस्थाहरुले ब्याजदर विवरण सार्वजनिक गर्दा त्यस्तो ब्याजदर समेत प्रकाशन गर्नुपर्ने व्यवस्था गरिनेछ ।

१२५. बैंक तथा वित्तीय संस्थाहरुले कायम गर्नु पर्ने कर्जा र निक्षेपको ब्याजदर अन्तरको विद्यमान व्यवस्थालाई यथावत कायम राखिएको छ ।

१२६. आधार दर गणनाको विद्यमान विधिलाई पुनरावलोकन गरिनेछ । बैंक तथा वित्तीय संस्थाहरुले कर्जाको ब्याजदर निर्धारण गर्दा आधार दरमा थप गर्ने प्रिमियम दर संस्था आफैँले निर्धारण गर्न सक्ने व्यवस्थालाई निरन्तरता दिइएको छ । तर उद्यम व्यवसाय सञ्चालन गर्न रु. १ करोड वा सोभन्दा कम ऋण उपयोग गर्ने ऋणीको हकमा आधार दरमा अधिकतम २ प्रतिशत बिन्दुले मात्र प्रिमियम थप गर्न सक्ने व्यवस्था मिलाइने छ ।

१२७. नवप्रवर्तन, सीप र उद्यमशीलता विकास प्रोत्साहित गर्न परियोजनामा आधारित कर्जा व्यवस्थालाई थप प्रभावकारी बनाइने छ ।

१२८. बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गर्ने अधिविकर्ष कर्जा लगायत चालु पुँजी कर्जालाई थप पारदर्शी तथा प्रभावकारी बनाउन चालु पुँजी कर्जा सम्बन्धी मार्गदर्शन जारी गरिनेछ ।

१२९. वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी र पूर्वाधार विकास बैंकले यस बैंकमा पेश गर्नुपर्ने तथ्याङ्क तथा जानकारीहरु सुपरिवेक्षकीय सूचना प्रणाली (Supervisory Information System-SIS) मार्फत् पेश गर्नु पर्ने व्यवस्था गरिनेछ ।

१३०. बैंक तथा वित्तीय संस्थाहरुका सहायक कम्पनीहरुको एकीकृत सुपरिवेक्षणलाई प्रभावकारी बनाउन अन्य नियामक एवम् सरोकारवाला निकायहरुसँग समन्वय गरिनेछ ।

१३१. बचत तथा ऋण सहकारी संस्थाहरुको नियामकीय निकायहरुको नियमन तथा सुपरिवेक्षण क्षमता अभिवृद्धि गर्न आवश्यकता अनुसार नीतिगत समन्वय र प्राविधिक सहायता उपलब्ध गराइने छ ।

१३२. बैंक तथा वित्तीय संस्थाले ग्राहकलाई कालोसूचीमा राख्ने विद्यमान व्यवस्था पुनरावलोकन गरिनेछ ।

१३३. यस बैंकबाट अनुमतिप्राप्त हायरपर्चेज कारोबार गर्ने संस्थाहरुको विद्यमान नियमन व्यवस्था परिमार्जन गरिनेछ ।

१३४. कोभिड-१९ महामारीबाट प्रभावित पेशा र व्यवसाय पुनरुत्थानको लागि प्रदान भएको पुनरकर्जा, व्यवसाय निरन्तरता कर्जा र सहुलियतपूर्ण कर्जाको प्रभावकारिता तथा सदुपयोगिता सुनिश्चित गर्न स्वतन्त्र परीक्षणको व्यवस्था गरिनेछ ।

१३५. बैंक तथा वित्तीय संस्थाहरुको संस्थागत सामाजिक उत्तरदायित्व खर्च व्यवस्थित गर्न मार्गदर्शन जारी गरिनेछ ।

१३६. बैंक तथा वित्तीय संस्थाहरुले कर्णाली प्रदेश र सुदूर पश्चिम प्रदेशहरुमा सम्पर्क कार्यालय खोल्न यस बैंकको स्वीकृति लिनु नपर्ने व्यवस्था गरिनेछ ।

१३७. ग्राहक पहिचान सम्बन्धी व्यवस्थालाई सरलीकृत गरी प्रविधिमा आधारित ग्राहक पहिचान प्रणाली (E-KYC) विकास गरिनेछ ।

१३८. लेखा परीक्षण फर्महरुले बैंक तथा वित्तीय संस्थाहरुको वार्षिक रुपमा लेखापरीक्षण गर्न सक्ने अधिकतम संख्या कायम गर्ने सम्बन्धमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थासंग आवश्यक समन्वय गरिनेछ ।

लघुवित्त सम्बन्धी व्यवस्था

१३९. थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्था र खुद्रा कारोवार गर्ने लघुवित्त वित्तीय संस्थाबीच समेत एक आपसमा गाभ्ने/गाभिने तथा प्राप्ति प्रक्रियामा सहभागी भई एकीकृत भएमा खुद्रा कारोवार गर्ने लघुवित्त वित्तीय संस्थाको रुपमा कार्य गर्न सक्ने व्यवस्था गरिनेछ ।

१४०. वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको दोहोरो लगानी (Cross Holding) भएका लघुवित्त वित्तीय संस्थाहरु २०७९ असार मसान्तभित्र एक आपसमा गाभ्नु वा गाभिनु पर्ने व्यवस्था गरिनेछ ।

१४१. बचत तथा ऋण सम्बन्धी कारोबार गर्ने सहकारी संस्था बाहेकका अन्य विषयगत सहकारी संस्थाका समूह सदस्य मार्फत सामूहिक खेती तथा पशु/पंक्षीपालन गर्ने प्रयोजनको लागि प्रति सदस्य रु. ५ लाख ननाघ्ने गरी त्यस्ता सहकारी संस्थाहरुलाई वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुले कर्जा उपलब्ध गराउन सक्ने व्यवस्था मिलाइने छ ।

१४२. लघुवित्त वित्तीय संस्थाहरुले वाणिज्य बैंकको वित्तीय प्रतिनिधिको रुपमा कार्य गर्न सक्ने सम्बन्धमा आवश्यक अध्ययन गरिनेछ ।

१४३. राष्ट्रिय स्तरका लघुवित्त वित्तीय संस्थाहरुले नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम वित्तीय विवरण प्रकाशन गर्नु पर्ने व्यवस्था लागू गरिनेछ ।

भुक्तानी प्रणाली

१४४. आर्थिक वर्ष २०७९/८० लाई विद्युतीय भुक्तानी कारोवार प्रवर्द्धन वर्षको रुपमा मनाउन चालु आर्थिक वर्ष आवश्यक पूर्वाधारको विकास र चेतना अभिवृद्धिमा जोड दिइने छ ।

१४५. विद्युतीय भुक्तानीका उपकरणहरुबीच अन्तरआवद्धता कायम गर्दै नेपालभित्र हुने भुक्तानी कारोबारहरुको राफसाफ तथा अभिलेखीकरण गर्न र नेपालको आफ्नै भुक्तानी कार्ड प्रयोगमा ल्याउन राष्ट्रिय भुक्तानी स्वीच स्थापनाको कार्य सम्पन्न गरिनेछ ।

१४६. विद्युतीय भुक्तानी प्रणालीको समग्र इकोसिस्टमको विकास र प्रवर्द्धनमा लगानी गर्ने भुक्तानी सेवा प्रदायक तथा भुक्तानी प्रणाली संचालक र सञ्चार सेवा प्रदायक संस्थाहरुलाई विशेष पुनरकर्जा उपलब्ध हुने व्यवस्था गरिनेछ ।

१४७. विद्युतीय भुक्तानी कारोवारको प्रवर्द्धनका लागि विभिन्न माध्यमहरुबाट हुने भुक्तानी कारोवारको सीमा पुनरावलोकन गरिनेछ । विद्युतीय भुक्तानी कारोबारमा लाग्ने शुल्कलाई उपयुक्त स्तरमा कायम गर्न नीतिगत व्यवस्था गरिनेछ ।

१४८. नेपाल सरकारले प्राप्त गर्ने राजस्व र सबै प्रकारका भुक्तानी बैंकिङ्ग तथा विद्युतीय भुक्तानीको माध्यमबाट गर्ने व्यवस्थाको लागि आवश्यक सहजीकरण गरिनेछ ।

१४९. सरकारी कारोबार गर्ने बैंक शाखाहरुले विद्युतीय भुक्तानीका उपायहरु अवलम्बन गरी सामाजिक सुरक्षा भत्ता सम्बन्धित व्यक्तिले सहजै प्राप्त गर्न सक्ने व्यवस्था मिलाईने छ ।

१५०. भुक्तानी सेवा प्रदायक र भुक्तानी प्रणाली सञ्चालक संस्थाहरुले २०७८ असार मसान्तसम्म गर्नु पर्ने न्यूनतम कारोबार र पुऱ्याउनु पर्ने ग्राहक संख्या कोभिड १९ संक्रमणलाई दृष्टिगत गरी २०७९ असार मसान्तसम्म पुऱ्याउनु पर्ने गरी समय थप गरिएको छ ।

१५१. भुक्तानी सेवा प्रदायक तथा भुक्तानी प्रणाली संचालक संस्थाहरुको कारोबारको दायरा बढाई लघुवित्त वित्तीय संस्था र सहकारीका ग्राहक समक्ष समेत विद्युतीय भुक्तानी सेवा पुऱ्याउन प्रोत्साहन गरिनेछ । साथै, नगद कारोबारको विद्यमान सीमालाई बचत तथा ऋण सहकारी संस्थाहरुमा समेत प्रभावकारी कार्यान्वयन गर्न आवश्यक समन्वय गरिनेछ ।

१५२. बैंक तथा वित्तीय संस्थाहरुमा कर्जाको आवेदनदेखि स्वीकृति गर्नेसम्मको प्रक्रियालाई विद्युतीय माध्यमबाट हुने व्यवस्थाका लागि सहजीकरण गर्न डिजिटल कर्जा मार्गदर्शन (Digital Lending Framework) तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ ।

१५३. विश्वमा विद्युतीय मुद्राको प्रयोग तथा सम्भाव्यता अध्ययन भईरहेको सन्दर्भमा नेपालमा समेत केन्द्रीय बैंक विद्युतीय मुद्रा (Central Bank Digital Currency) को सम्भाव्यता अध्ययन गरिनेछ ।

१५४. नागरिक बचतपत्र तथा वैदेशिक रोजगार बचतपत्रको आवेदन विद्युतीय माध्यममार्फत् गर्न सकिने व्यवस्था मिलाइने छ ।

१५५. भुक्तानी प्रणाली लगायतका तथ्याङ्क तथा सूचनाहरु सुरक्षित रुपमा व्यवस्थापन गर्न क्लाउड पूर्वाधारको प्रयोग गर्ने सम्बन्धमा आवश्यक अध्ययन गरिनेछ ।

१५६. लघु, साना र घरेलु उद्यम तथा स्टार्टअप प्रवर्द्धन गर्न डिजिटल बैंकिङ्गको अवधारणा तथा भुक्तानी प्रदायक संस्थाहरुले निश्चित रकमसम्मको लघु कर्जा उपलब्ध गराउन सक्ने व्यवस्था सम्बन्धमा आवश्यक अध्ययन गरिनेछ ।

१५७. बैंक तथा वित्तीय संस्थाहरु बाहेकका भुक्तानी सेवा प्रदायक र भुक्तानी प्रणाली सञ्चालक संस्थाहरुले निश्चित सीमाभन्दा बढीको कारोवार र शंकास्पद कारोवारको विवरण वित्तीय जानकारी इकाईमा उपलब्ध गराउनु पर्ने व्यवस्था मिलाइने छ ।

विदेशी विनिमय व्यवस्थापन

१५८. नेपाली संस्था/निकायहरुले सेवा सम्झौता गरी विदेशबाट लिने सेवा आयात बापतको भुक्तानीका लागि वाणिज्य बैंकहरुले प्रदान गर्न सक्ने सटही सुविधामा आवश्यक पुनरावलोकन गरिनेछ ।

१५९. हवाई सेवा प्रदायक संस्थाले तोकिएका कागजातको आधारमा अमेरिकी डलर २५ हजार वा सो बराबरसम्मको सेवा खरिदको लागि वाणिज्य बैंकहरुबाट विदेशी मुद्रा सटही सुविधा उपलब्ध हुने व्यवस्था मिलाइने छ ।

१६०. ड्राफ्ट/टि.टि. को माध्यमबाट तोकिएको सीमासम्मको भुक्तानी गर्दा व्यापारिक साख सूचना अनिवार्य नहुने व्यवस्था मिलाइनेछ ।

१६१. राष्ट्रिय प्राथमिकताप्राप्त आयोजनाहरुले सेवा लिए वापत विदेशी संस्थाहरुलाई गर्ने भुक्तानी तोकिएका कागजातको आधारमा वाणिज्य बैंकहरुबाट सोझै गर्न सक्ने व्यवस्था मिलाइने छ ।

१६२. भारतबाट परिवर्त्य विदेशी मुद्रामा आयात गरिने औद्योगिक कच्चा पदार्थ तथा मेशिनरी लगायतका वस्तुहरुको विद्यमान सूची पुनरावलोकन गरी आवश्यक समायोजन गरिनेछ ।

१६३. मनिचेञ्जर, विप्रेषक कम्पनी, होटल, ट्राभल, ट्रेकिङ्ग, कार्गो, एयरलाइन्स लगायतका यस बैंकबाट विदेशी मुद्रा कारोवार गर्ने स्वीकृति पाएका संस्थाहरुको विदेशी मुद्रा कारोबार अनुमतिपत्र २०७९ असारसम्म नवीकरण गर्दा शुल्क नलाग्ने व्यवस्था गरिनेछ ।

१६४. विभिन्न फर्म, कम्पनी तथा संस्थाको एप्लिकेशन तथा सफ्टवेयर खरिद र अनलाइन विज्ञापन लगायतका सेवा आयात वापतको विदेशी मुद्रा भुक्तानी सम्बन्धित नियामक/सरोकारवाला निकायसँग समन्वय गरी थप व्यवस्थित गरिनेछ ।

१६५. विप्रेषण सेवा प्रदायक कम्पनीहरुलाई थप सुदृढीकरण गर्न एक आपसमा गाभ्न/गाभिन तथा प्राप्तिमा सहभागी हुन आवश्यक व्यवस्था मिलाइने छ ।

१६६. नेपाली नागरिकले नगदको रुपमा राख्न सक्ने परिवर्त्य विदेशी मुद्राको अधिकतम सीमा र सोको समयावधि तथा परिवर्त्य विदेशी मुद्रा सटही सम्बन्धी व्यवस्था पुनरावलोकन गरिनेछ ।

१६७. कोभिड-१९ सिर्जित स्वास्थ्य समस्याको उपचारमा सघाउ पुऱ्याउने जीवन रक्षक औषधी तथा स्वास्थ्य सामग्री उपकरणको आयात सम्बन्धी विद्यमान व्यवस्था पुनरावलोकन गरी थप सहजीकरण गरिनेछ ।

१६८. अमेरिकी डलरमा विप्रेषणको भुक्तानी गर्न समस्या भएका मुलुकहरुमा सम्बन्धित देशका विप्रेषण कम्पनीहरुले यस बैंकको एजेन्सी खातामार्फत् स्थानीय मुद्रामा विप्रेषण रकम जम्मा गरी नेपाल पठाउन सकिने व्यवस्थाका सम्बन्धमा आवश्यक अध्ययन गरिनेछ ।

१६९. इकमर्श प्रवर्द्धन गर्ने सिलसिलामा गत वर्ष जारी गरिएको अमेरिकी डलर ५०० सम्मको कार्डको उपयोग र कार्यान्वयन अवस्थाबारे अध्ययन गरी थप प्रभावकारी बनाइनेछ ।

१७०. विदेशी लगानी तथा ऋण व्यवस्थापन विनियमावली, २०७८ को कार्यान्वयन अवस्थाबारे अध्ययन गरिनेछ ।

ग्राहकहित संरक्षण

१७१. इजाजतपत्र/अनुमति प्राप्त संस्थाहरुको वित्तीय ग्राहकको हित संरक्षण गर्ने उद्देश्यले वित्तीय ग्राहक संरक्षण सम्बन्धी कानूनको मस्यौदा तर्जुमा गरिनेछ ।

१७२. अपाङ्गता भएका व्यक्तिलाई वित्तीय सेवामा सहज पहुँच सुनिश्चित गर्न स्थानीय तहमा निश्चित संख्या भन्दा बढी शाखा रहेका स्थानमा बैंक तथा वित्तीय संस्थाहरुले कम्तीमा एक शाखा र एटिएम लाउञ्ज भएका स्थानमा एक एटिएम अपाङ्गमैत्री बनाउनुपर्ने व्यवस्था गरिनेछ ।

१७३. बैंक तथा वित्तीय संस्थाका काम कारवाही सम्बन्धी गुनासोको सुनुवाई सहज बनाउन बैंक तथा वित्तीय संस्थाले यस बैंकको गुनासो पोर्टलको लिङ्क आफ्नो वेबसाइटमा राख्नु पर्ने व्यवस्था गरिनेछ ।

१७४. बैंक तथा वित्तीय संस्थाहरुबाट कार्यान्वयनमा ल्याइएका कर्जा प्रवाह तथा ग्राहक पहिचानसँग सम्बन्धित कागजातहरुमा एकरुपता कायम गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

१७५. वित्तीय सेवाको पहुँच न्यून रहेका कर्णाली प्रदेश र सुदूर पश्चिम प्रदेशमा वित्तीय पहुँच अभिवृद्धि गर्ने उद्देश्यले प्रादेशिक वित्तीय संस्थाको उपस्थितिको सम्बन्धमा आवश्यक अध्ययन गरिनेछ ।

१७६. सम्पत्ति शुद्धीकरण सम्बन्धी राष्ट्रिय जोखिम मूल्याङ्कन प्रतिवेदन (NRA, 2020) ले औंल्याएका उच्च जोखिमका क्षेत्रहरुमा निहित जोखिमको पहिचान, मापन, मूल्याङ्कन र व्यवस्थापन गर्न सूचक संस्थाको विशेष अनुगमन तथा सुपरिवेक्षण गरिनेछ ।

अन्त्यमा,

१७७. यस मौद्रिक नीतिको कार्यान्वयनबाट समष्टिगत आर्थिक तथा वित्तीय स्थायित्व कायम भई आर्थिक पुनरुत्थानमा सघाउ पुग्ने विश्वास लिइएको छ । वित्तीय स्रोत परिचालनको दायरा फराकिलो हुँदै उपलब्ध वित्तीय साधन उत्पादन अभिवृद्धि, रोजगारी सिर्जना, उद्यमशीलता र दिगो आर्थिक विकास हासिल गर्नेतर्फ परिलक्षित भई उत्पादनशील अर्थतन्त्र निर्माणमा समेत सहयोग पुग्ने विश्वास रहेको छ । वित्तीय क्षेत्र थप सुदृढ हुँदै सुरक्षित र सबल भुक्तानी प्रणालीमार्फत् विद्युतीय कारोवार प्रवर्द्धन हुने अपेक्षा रहेको छ ।

१७८. कोभिड-१९ संक्रमणको निरन्तरताले उत्पन्न गरेको अनिश्चितता बीच चालु आर्थिक वर्षको मौद्रिक नीति जारी गरिएको छ । अर्थतन्त्रमा विकसित समष्टिगत आर्थिक तथा वित्तीय स्थिति अनुरुप मौद्रिक उपाय र नियामकीय व्यवस्थाहरुलाई समय सापेक्ष र गतिशील (Dynamic) बनाउन मौद्रिक नीतिको त्रैमासिक समीक्षा गरिनेछ ।

१७९. प्रस्तुत मौद्रिक नीति तर्जुमाको क्रममा महत्वपूर्ण सुझाव दिई सहयोग पुऱ्याउनु हुने नेपाल सरकार, बैंक तथा वित्तीय संस्था, व्यावसायिक संघ-संस्था, विद्वत् वर्ग, अन्तर्राष्ट्रिय विकास साझेदार, सञ्चार माध्यम लगायत सबैमा नेपाल राष्ट्र बैंक हार्दिक आभार व्यक्त गर्दछ । मौद्रिक नीतिमा भएका व्यवस्थाहरुको कार्यान्वयनमा सदाझैं सबैको सहयोग प्राप्त हुने यस बैंकको विश्वास रहेको छ ।

***

अनसूची १
मौद्रिक प्रक्षेपण

(रु. करोडमा)

मौद्रिक योगाङ्क	२०७६ असार	२०७७ असार	२०७८ असार[अ]	२०७९ असार[प्र]	वार्षिक परिवर्तन					
					२०७६/७७		२०७७/७८		२०७८/७९	
					रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत
१. खुद वैदेशिक सम्पत्ति	**९८४७८.३**	**१३२८३४.९**	**१३३५६२.०**	**१३३६६२.०**	**२८२४१.०** /१	**२८.७**	**१२२.७** /२	**०.१**	**१००.०**	**०.१**
१.१ वैदेशिक सम्पत्ति	१०७३५२.७	१४४९९२.८	१४५३२९.५	१४७१२१.२	३७६४०.१	३५.१	३३६.७	०.२	१७९१.७	१.२
१.२ वैदेशिक दायित्व	८८७४.३	१२१५७.९	११७६७.५	१३४५९.२	३२८३.५	३७.०	-३९०.४	-३.२	१६९१.७	१४.४
क. विदेशी मुद्रा निक्षेप	८४४९.०	१०६६९.३	९१७९.५	१००९७.४	२२२०.३	२६.३	-१४८९.९	-१४.०	९१७.९	१०.०
ख. अन्य वैदेशिक दायित्व	४२५.३	१४८८.५	२५८८.०	३३६१.८	१०६३.२	२५०.०	१०९९.५	७३.९	७७३.८	२९.९
२. खुद आन्तरिक सम्पत्ति	**२५९७३५.५**	**२९०२६२.१**	**३८१९२३.३**	**४७४६१०.७**	**३६६४२.३** /१	**१४.१**	**९२२६५.७** /२	**३१.८**	**९२६८७.४**	**२४.३**
२.१ कुल आन्तरिक कर्जा	३३३८५१.०	३७९२६१.९	४८१०६२.९	५९८३८९.१	४५४१०.९	१३.६	१०१८०१.१	२६.८	११७३२६.२	२४.४
क. सरकारलाई गएको खुद कर्जा	३७५५४.६	४६१०४.४	५९२९३.०	९६४५३.४	८५४९.८	२२.८	१३१८८.५	२८.६	३७१६०.५	६२.७
अ. सरकारमाथिको दावी	४४१२०.०	६०२२१.६	७८७६२.८	१०१४५३.४	१६१०१.७	३६.५	१८५४१.१	३०.८	२२६९०.७	२८.८
आ. सरकारी निक्षेप	६५६५.४	१४११७.२	१९४६९.८	५०००.०	७५५१.८	११५.०	५३५२.६	३७.९	-१४४६९.८	-७४.३
ख. गैर-वित्तीय सरकारी संस्थाहरुलाई गएको कर्जा	९६९.३	८७०.३	७५१.३	८६३.२	-९९.१	-१०.२	-११९.०	-१३.७	१११.९	१४.९
ग. वित्तीय संस्थाहरुलाई गएको कर्जा	४२९९.५	४५९८.०	७०६३.२	८४४४.६	२९८.५	६.९	२४६५.२	५३.६	१३८१.५	१९.६
अ. सरकारी	१६०.७	१५६.०	१६१.६	१६२.७	-४.७	-२.९	५.५	३.५	१.२	०.७
आ. गैर-सरकारी	४१३८.८	४४४१.९	६९०१.६	८२८१.९	३०३.२	७.३	२४५९.७	५५.४	१३८०.३	२०.०
घ. निजी क्षेत्रलाई गएको कर्जा	२९१०२७.६	३२७६८९.२	४१३९५५.५	४९२६२७.९	३६६६१.६	१२.६	८६२६६.३	२६.३	७८६७२.३	१९.०
२.२ खुद अमौद्रिक दायित्व	७४११५.५	८८९९९.८	९९१३९.६	१२३७७८.५	८७६८.६ /१	११.८	९५३५.४ /२	१०.७	२४६३८.८	२४.९
३. विस्तृत मुद्रा प्रदाय (एम२)	**३५८२१३.८**	**४२३०९७.०**	**५१५४८५.३**	**६०८२७२.७**	**६४८८३.२**	**१८.१**	**९२३८८.३**	**२१.८**	**९२७८७.४**	**१८.०**
३.१ मुद्रा प्रदाय (क+ख), एम१+	२०९३७५.८	२३६८३०.५	२९६४२६.५	३४६८१९.१	२७४५४.६	१३.१	५९५९६.१	२५.२	५०३९२.५	१७.०
क. मुद्रा प्रदाय (एम१)	७२६६४.३	८५६२६.१	१०४९४१.०	१२२७८१.०	१२९६१.८	१७.८	१९३१४.९	२२.६	१७८४०.०	१७.०
मुद्रा	४२३२०.४	४९०३९.६	५७१९७.२	६६३४८.७	६७१९.२	१५.९	८१५७.५	१६.६	९१५१.५	१६.०
चल्ती निक्षेप	३०३४३.८	३६५८६.४	४७७४३.८	५६४३२.३	६२४२.६	२०.६	१११५७.४	३०.५	८६८८.४	१८.२
ख. बचत तथा कल निक्षेप	१३६७११.६	१५१२०४.४	१९१४८५.५	२२४०३८.१	१४४९२.८	१०.६	४०२८१.२	२६.६	३२५५२.५	१७.०
३.२. आवधिक निक्षेप	१४८८३७.९	१८६२६६.५	२१९०५८.८	२६१४५३.६	३७४२८.६	२५.१	३२७९२.३	१७.६	४२३९४.८	१९.४
४. विस्तृत मौद्रिक तरलता (एम३)	**३६६६६२.८**	**४३३७६६.३**	**५२४६६४.८**	**६१८३७०.१**	**६७१०३.५**	**१८.३**	**९०८९८.५**	**२१.०**	**९३७०५.३**	**१७.९**

अ - अपरिष्कृत

प्र - प्रक्षेपित

१/ विदेशी विनिमय मूल्याङ्कन नाफा रु.६१ अर्ब १६ करोड समायोजन।

२/ विदेशी विनिमय मूल्याङ्कन नाफा रु.६ अर्ब ४ करोड समायोजन।

अनुसूची २

आर्थिक वर्ष २०७७/७८ को मौद्रिक नीतिको लक्ष्य र प्रगति विवरण

क्र.सं.	बुँदा नं.	लक्ष्य/कार्यक्रम	कार्यान्वयन स्थिति
१.	६६	आर्थिक वर्ष २०७७/७८ मा उपभोक्ता मुद्रास्फीति औसत ७ प्रतिशत भित्र सीमित हुनेगरी मौद्रिक व्यवस्थापन गरिने ।	आर्थिक वर्ष २०७७/७८ मा औसत उपभोक्ता मुद्रास्फीति ३.६ प्रतिशत रहेको ।
२.	६७	आर्थिक वर्ष २०७७/७८ मा कम्तिमा ७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त विदेशी विनिमय सञ्चिति कायम हुनेगरी बाह्य क्षेत्र व्यवस्थापन गरिने ।	२०७८ असार मसान्तमा विदेशी विनिमय सञ्चिति रु. १३९९ अर्ब ३ करोड कायम रहेको । उक्त सञ्चिति १०.२ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको ।
३.	६८	आर्थिक पुनरुत्थानलाई प्राथमिकता दिँदै आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न सहयोग पुग्ने गरी तरलता व्यवस्थापन गरिने ।	विभिन्न प्रकारका नियामकीय व्यवस्थाबाट ऋणीलाई छुट प्रदान गर्नुको साथै पुनरकर्जा, सहुलियतपूर्ण कर्जा, व्यवसाय निरन्तरता कर्जा कार्यक्रमहरुबाट कर्जामा सहजीकरण गरिएको तथा व्याजदर घटाउने उपायहरु अवलम्बन गरी आर्थिक क्रियाकलाप अभिवृद्धि प्रोत्साहित गरिएको । कर्जाको ब्याजदर एकल अंकमा झरेको ।
४.	६९	आर्थिक वर्ष २०७७/७८ मा विस्तृत मुद्रा प्रदायको विस्तार १८ प्रतिशत र निजी क्षेत्रतर्फको कर्जा विस्तार २० प्रतिशतमा सीमित गरिने ।	आर्थिक वर्ष २०७७/७८ मा विस्तृत मुद्राप्रदाय २१.८ प्रतिशतले र मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दाबी २६.३ प्रतिशतले वृद्धि भएको ।
५.	७०	वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको भारित औसत अन्तरबैंक दरलाई मौद्रिक नीतिको सञ्चालन लक्ष्यको रुपमा लिइने ।	बैंक तथा वित्तीय संस्थाहरुबीचको भारित औसत अन्तरबैंक दरलाई मौद्रिक नीतिको सञ्चालन लक्ष्यको रुपमा लिन थालिएको । २०७८ असार महिनामा यस्तो अन्तरबैंक दर ४.१४ प्रतिशत कायम भएको ।

क्र.सं.	बुँदा नं.	लक्ष्य/कार्यक्रम	कार्यान्वयन स्थिति
६.	७१	ब्याजदर करिडोरको माथिल्लो सीमाको रुपमा रहेको स्थायी तरलता सुविधा दर ५ प्रतिशतमा यथावत् कायम गरिने । करिडोरको तल्लो सीमाको रुपमा रहेको निक्षेप संकलन दरलाई २ प्रतिशतबाट घटाई १ प्रतिशत र नीतिगत दरको रुपमा रहेको रिपोदरलाई ३.५ प्रतिशतबाट घटाई ३ प्रतिशत कायम गरिने ।	ब्याजदर कोरिडोर सम्बन्धी कार्यविधि २०७६, (प्रथम संशोधन, २०७७) मिति २०७७/०४/११ गते जारी गरी कार्यान्वयन भइरहेको ।
७.	७२	आर्थिक पुनरुत्थानका लागि आवश्यक थप तरलता उपलब्ध गराउन आवश्यकता अनुसार लामो अवधिको रिपो सुविधा उपलब्ध गराइने ।	खुला बजार विनियावली, २०७१ मा आवश्यकता अनुसार लामो अवधिको रिपो सुविधा उपलब्ध गराइने विषय समेत समावेश गरी संशोधनको मस्यौदा छलफलको क्रममा रहेको ।
८.	७७	कृषि उत्पादनमा आत्मनिर्भर हुँदै खाद्य सुरक्षा कायम गर्न र बहुसंख्यक नेपालीको आय आर्जन तथा रोजगारीको आधारको रुपमा रहेको कृषि क्षेत्रको विकासका लागि वाणिज्य बैंकले २०८० असार मसान्तसम्म कुल कर्जा लगानीको न्यूनतम १५ प्रतिशत कृषि क्षेत्रमा प्रवाह गर्नुपर्ने व्यवस्था गरिने । साथै, कृषि कर्जा गणना विधिमा परिमार्जन गरिने ।	मिति २०७७/०४/१२ मा परिपत्र जारी गरिएको । २०७८ असार मसान्तमा वाणिज्य बैंकहरुबाट आफ्नो कुल कर्जा सापटको १३.२ प्रतिशत कृषि क्षेत्रमा लगानीमा रहेको । गैर-स्थलगत तथा स्थलगत निरीक्षणको माध्यमबाट अनुगमन भइरहेको ।
९.	७८	फलफूलमा आत्मनिर्भर हुन सहयोग पुऱ्याउने गरी व्यावसायिक रुपमा गरिने आँप, सुन्तला, जुनार, मौसम, किवी, ड्रयागन फ्रुट, कागती, लिचि, एभोकाडो लगायतका फलफूल खेतीको लागि लिएको कर्जामा पहिलो वर्ष ०.२ प्रतिशत र दोस्रो वर्ष ०.६ प्रतिशत मात्र कर्जा नोक्सानी व्यवस्था कायम गरे पुग्ने व्यवस्था मिलाइने ।	मिति २०७७/०४/१२ मा परिपत्र जारी गरिएको ।
१०.	७९	रेशम, जुट, कपास लगायतका कृषि खेतीको विकास गरी उद्योगसँग अग्र सम्बन्ध र पृष्ठ सम्बन्ध स्थापित गर्ने कृषि उत्पादन अभिवृद्धि गर्नेतर्फ कर्जा प्रवाहलाई प्रोत्साहित गर्न कर्जा नोक्सानी व्यवस्थामा लचकता अपनाइने ।	मिति २०७७/०४/१२ मा परिपत्र जारी गरिएको ।

क्र.सं.	बुँदा नं.	लक्ष्य/कार्यक्रम	कार्यान्वयन स्थिति
११.	८०	जग्गा एकीकरण वा करार मार्फत व्यावसायिक कृषि, उद्योग र अन्य व्यवसाय सञ्चालनमा कर्जा प्रवाह सहजीकरण गर्ने उद्देश्यले लिज सम्पत्ति सुरक्षण सम्बन्धी नीतिगत व्यवस्था गरिने ।	मिति २०७७/०४/१२ मा परिपत्र जारी गरिएको ।
१२.	८१	कृषि विकास बैंकलाई कृषि क्षेत्रको अगुवा बैंक (Lead Bank) को रुपमा विकास गरिने । कृषि क्षेत्रमा दीर्घकालीन साधनको उपलब्धता सहज बनाउन सो बैंकले कृषि ऋणपत्र (Agricultural Bond) जारी गर्नसक्ने व्यवस्था मिलाइने ।	मिति २०७७/०४/१२ मा परिपत्र जारी गरिएको । हालसम्म कृषि विकास बैंकलाई तीन चरणमा रु. १८ अर्वको कृषि ऋणपत्र ४ प्रतिशत ब्याजदरमा जारी गर्न स्वीकृती प्रदान गरिएकोमा रु. १२ अर्बको ऋणपत्र जारी भएको ।
१३.	८२	बैंक तथा वित्तीय संस्थाहरुले एक आपसमा गर्दै आएको कृषि कर्जा खरिद/बिक्री (credit swap) को व्यवस्थालाई थप सरलीकरण गरिने ।	मिति २०७७/०४/१२ मा परिपत्र जारी गरिएको ।
१४.	८३	कृषकलाई वित्तीय साधनको साथै कृषि सूचना तथा जानकारी उपलब्ध गराउन कृषि विकास बैंकमार्फत "किसान क्रेडिट कार्ड" को व्यवस्था गरिने ।	कृषि विकास बैंकबाट किसान क्रेडिट कार्ड जारी भएको । साथै, अन्य वाणिज्य बैंकहरुबाट समेत यस्तो व्यवस्था कार्यान्वयनमा आएको ।
१५.	८४	कृषि विकास बैंकका तालिम केन्द्रमार्फत कृषि तालिम विस्तार गर्न आवश्यक संस्थागत एवम् संरचनागत व्यवस्था मिलाइने ।	सरोकारवाला पक्षसँग समन्वय गरिएको तर कोभिड-१९ को कारण कार्यान्वयनमा कठिनाई भएको ।
१६.	८५	उर्जा आत्मनिर्भरता प्रवर्द्धन गर्न तथा नेपाल सरकारले पन्ध्रौं योजना अवधिमा राखेको ५ हजार मेगावाट जलविद्युत् उत्पादनको लक्ष्यलाई सहयोग पुऱ्याउन वाणिज्य बैंकहरुले २०८१ असार मसान्तसम्म आफ्नो कुल कर्जा लगानीको न्यूनतम १० प्रतिशत उर्जा क्षेत्रमा लगानी गर्नुपर्ने व्यवस्था मिलाइने ।	मिति २०७७/०४/१२ मा परिपत्र जारी गरिएको । २०७८ असार मसान्तमा वाणिज्य बैंकहरुबाट आफ्नो कुल कर्जा सापटको ६.० प्रतिशत कर्जा उर्जा क्षेत्रमा लगानी रहेको । गैर-स्थलगत तथा स्थलगत निरीक्षणको माध्यमबाट अनुगमन तथा मूल्याङ्कन भइरहेको ।
१७.	८६	उर्जा क्षेत्रमा लगानीको अनुभव हासिल गरेका वाणिज्य बैंकहरुले उर्जा ऋणपत्र (Energy Bond) जारी गर्नसक्ने व्यवस्था मिलाइने । यस व्यवस्थाबाट उर्जा क्षेत्रमा दीर्घकालीन साधनको उपलब्धता सहज हुनुका	मिति २०७७/०४/१२ मा परिपत्र जारी गरिएको । यस अवधिमा रु. १ अर्ब ५० करोडको उर्जा ऋणपत्र जारी गर्न

क्र.सं.	बुँदा नं.	लक्ष्य/कार्यक्रम	कार्यान्वयन स्थिति
		साथै उर्जा क्षेत्रमा कर्जा प्रवाह न्यून भएका बैंक तथा वित्तीय संस्थाहरुलाई उर्जा ऋणपत्रमा लगानी मार्फत न्यूनतम कर्जा अनुपात कायम गर्न सहयोग पुग्ने ।	स्वीकृती प्रदान गरिएको ।
१८.	८७	विद्युत् आयोजना निर्माण गरी विद्युत् निर्यात गर्न शुरु गरेमा निर्यात शुरु गरेको ५ वर्षसम्म बैंक तथा वित्तीय संस्थाले उक्त परियोजनालाई आधार दरमा १ प्रतिशत बिन्दुले मात्र थप गरी कर्जा प्राप्त हुन सक्ने व्यवस्था मिलाइने ।	मिति २०७७/०४/१२ मा परिपत्र जारी गरिएको ।
१९.	८८	जलाशययुक्त जलविद्युत् आयोजनामा लगानी प्रोत्साहित गर्ने उद्देश्यले त्यस्ता आयोजनालाई आधार दरमा १ प्रतिशत बिन्दुले मात्र थप गरी कर्जा प्राप्त हुन सक्ने व्यवस्था मिलाइने ।	मिति २०७७/०४/१२ मा परिपत्र जारी गरिएको ।
२०.	८९	जलविद्युत् आयोजना सम्पन्न भई उत्पादन प्रारम्भ गरेता पनि प्रसारण लाईन निर्माण नभएको कारण पूर्ण क्षमतामा सञ्चालन हुन नसकेका आयोजनाको हकमा प्रसारण लाइन निर्माण भई सञ्चालनमा नआउँदासम्मको लागि ब्याज रकम आंशिक रुपमा पुँजीकरण गर्न यस बैंकको स्वीकृति लिनु नपर्ने व्यवस्था मिलाइने ।	मिति २०७७/०४/१२ मा परिपत्र जारी गरिएको । गैर-स्थलगत तथा स्थलगत निरीक्षणको माध्यमवाट अनुगमन तथा मूल्याङ्कन भइरहेको ।
२१.	९२	वाणिज्य बैंकहरुले २०८१ असार मसान्तसम्म लघु, साना एवम् मझौला उद्यमका क्षेत्रमा रु. १ करोड भन्दा कम रकमका कर्जाहरु आफ्नो कुल कर्जा लगानीको न्यूनतम १५ प्रतिशत हुने गरी प्रवाह गर्नु पर्ने व्यवस्था मिलाइने ।	मिति २०७७/०४/१२ मा परिपत्र जारी गरिएको । २०७८ असार मसान्तसम्म वाणिज्य बैंकहरुको कुल कर्जा सापटको १०.१ प्रतिशत कर्जा लघु, साना एवम् मझौला उद्यमका क्षेत्रमा लगानी रहेको । गैर-स्थलगत तथा स्थलगत निरीक्षणको माध्यमवाट अनुगमन भइरहेको ।
२२.	९३	कोभिड-१९ प्रकोपको कारण अर्थतन्त्रमा परेको असरलाई मध्यनजर राख्दै उत्पादन अभिवृद्धि, रोजगारी सिर्जना र उद्यमशिलता विकासका लागि विद्यमान सहुलियतपूर्ण कर्जा कार्यक्रम सरल रुपमा कार्यान्वयन	सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ को तेस्रो संशोधन जारी गरिएको । महिला उद्यमशील कर्जा प्राप्त गर्ने ऋणीलाई ६ प्रतिशत र अन्य

क्र.सं.	बुँदा नं.	लक्ष्य/कार्यक्रम	कार्यान्वयन स्थिति
		हुने व्यवस्था मिलाइने । बैंक तथा वित्तीय संस्थाबाट तोकिएका क्षेत्रमा यस्तो कर्जा ऋणीलाई ५ प्रतिशत ब्याजदरमा उपलब्ध हुने ।	सहुलियतपूर्ण कर्जा प्राप्त गर्ने ऋणीलाई ५ प्रतिशत ब्याज अनुदान उपलब्ध गराउने व्यवस्था गरिएको ।
२३.	९४	सहुलियतपूर्ण कर्जा प्रवाहमा प्रदेशगत सन्तुलन कायम गर्नुका साथै लक्षित क्षेत्र र वर्गमा कर्जामा पहुँच सुनिश्चित गर्ने उद्देश्यले वाणिज्य बैंकले कम्तीमा ५०० वा न्यूनतम प्रतिशाखा १० र राष्ट्रिय स्तरका विकास बैकले कम्तीमा ३०० वा न्यूनतम प्रति शाखा ५ मध्ये जुन बढी हुन्छ सोही संख्यामा कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था गरिने ।	मिति २०७७/०४/१२ मा परिपत्र जारी गरिएको । २०७८ असार मसान्तमा १ लाख ४ हजार १ सय ९ ऋणीलाई सहुलियतपूर्ण कर्जा प्रवाह भई रु.१ खर्ब ६१ अर्ब ४४ करोड कर्जा लगानीमा रहेको ।
२४.	९५	विकास बैंकले आफ्नो कुल कर्जा लगानीको न्यूनतम २० प्रतिशत र वित्त कम्पनीहरुले न्यूनतम १५ प्रतिशत कर्जा कृषि, लघु, घरेलु तथा साना उद्यम, उर्जा र पर्यटन लगायत तोकिएका क्षेत्रमा २०८१ असार मसान्तसम्ममा प्रवाह गर्नुपर्ने व्यवस्था गरिने ।	मिति २०७७/०४/१२ मा परिपत्र जारी गरिएको । २०७८ असार मसान्तमा विकास बैंकहरुले आफ्नो कुल कर्जा लगानीको २३.९ प्रतिशत र वित्त कम्पनीहरुले आफ्नो कुल कर्जा लगानीको १६.५ प्रतिशत कर्जा कृषि, लघु, घरेलु तथा साना उद्यम, उर्जा र पर्यटन क्षेत्रमा लगानी गरेको ।
२५.	९६	शहरी विकास र व्यवस्थित बसोबास प्रोत्साहित गर्ने उद्देश्यले अनुमति प्राप्त घर-जग्गा व्यवसायीबाट सञ्चालन गरिने नेपाल सरकारबाट स्वीकृति प्राप्त निर्माणाधीन आवास आयोजनाको लागि र व्यक्तिलाई पहिलो घर निर्माणका लागि प्रवाह गरिने निजी आवासीय आवास कर्जा (Personal Residential Home Loan) को हकमा कर्जा सुरक्षणमूल्य अनुपातको सीमा ६० प्रतिशत कायम गरिने ।	मिति २०७७/०४/१२ मा परिपत्र जारी गरिएको । स्थलगत निरीक्षणको क्रममा नियमित रुपमा अनुगमन भइरहेको ।
२६.	९७	घर जग्गा तथा रियल स्टेट क्षेत्रमा प्रवाह हुने कर्जाको सम्बन्धमा कर्जा सुरक्षण मूल्य अनुपात काठमाडौं उपत्यका भित्रको लागि ४० प्रतिशत र अन्य स्थानको हकमा ५० प्रतिशत कायम गर्नुपर्ने विद्यमान व्यवस्थालाई यथावत् कायम गरिएको ।	मिति २०७७/०४/१२ मा परिपत्र जारी गरिएको । गैर-स्थलगत तथा स्थलगत निरीक्षणको माध्यमबाट अनुगमन भइरहेको ।

क्र.सं.	बुँदा नं.	लक्ष्य/कार्यक्रम	कार्यान्वयन स्थिति
२७.	९८	शेयर धितो राखी प्रदान हुने मार्जिन प्रकृतिको कर्जाको लागि कर्जा सुरक्षण मूल्य अनुपात विद्यमान ६५ प्रतिशतबाट बढाई सम्बन्धित वित्तीय संस्थाले मूल्याङ्कन गरी ७० प्रतिशतसम्म प्रदान गर्न सक्ने व्यवस्था मिलाइने ।	मिति २०७७/०४/१२ मा परिपत्र जारी गरिएको । २०७८ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट प्रवाह भएको कुल कर्जामा मार्जिन प्रकृतिको कर्जाको अंश २.५ प्रतिशत रहेको । गैर-स्थलगत तथा स्थलगत निरीक्षणको माध्यमबाट अनुगमन भइरहेको ।
२८.	९९	शेयर धितोमा प्रदान हुने मार्जिन प्रकृतिको कर्जा प्रवाहमा शेयरको मूल्याङ्कन गर्दा विद्यमान १८० दिनको अन्तिम मूल्यको औसत मूल्य वा शेयरको प्रचलित बजार मूल्यमध्ये जुन कम छ त्यसैको आधारमा गर्नुपर्ने व्यवस्थालाई परिवर्तन गरी १२० दिन कायम गरिएको ।	मिति २०७७/०४/१२ मा परिपत्र जारी गरिएको । गैर-स्थलगत तथा स्थलगत निरीक्षणको माध्यमबाट अनुगमन तथा मूल्याङ्कन भइरहेको ।
२९.	१००	कोभिड-१९ बाट प्रभावित पेशा, उद्यम र व्यवसायको कर्जामा पहुँच अभिवृद्धि गर्दै आर्थिक क्रियाकलाप विस्तारका लागि सहुलियत ब्याजदरमा कर्जा उपलब्ध गराउन र देशका दुर्गमस्थानसम्म कर्जा सुविधा सहज गर्ने उद्देश्यले पुनरकर्जा सम्बन्धी विद्यमान व्यवस्थामा परिमार्जन गर्दै उपलब्ध कोषको ५ गुणासम्म पुनरकर्जा उपलब्ध गराउने व्यवस्था गरिएको ।	मिति २०७७/०४/०६ मा पुनरकर्जा कार्यविधि, २०७७ जारी गरिएको । स्वीकृत कार्यविधि बमोजिम आर्थिक वर्ष २०७७/७८ मा एकमुष्ट प्रदान गरिने पुनरकर्जा ४८,५५० ऋणीहरुलाई रु.१०२ अर्ब ६१ करोड तथा ग्राहक ऋणी अनुसार प्रदान गरिने पुनरकर्जा ३४० ऋणीलाई रु.४६ अर्ब १४ करोड गरी कुल रु. १ खर्ब ४८ अर्ब ७५ करोड स्वीकृत गरिएकोमा रु.१ खर्ब २२ अर्ब ७० करोड पुनरकर्जा लगानीमा रहेको ।
३०.	१०४	कोभिड-१९ बाट अति प्रभावित उद्योग-व्यवसाय सुचारु गर्न सहजीकरण गर्ने उद्देश्यले ऋणीको आवश्यकता र परियोजना/व्यवसायको सम्भाव्यताको आधारमा २०७६ चैतमा कायम भएको चालु पुँजी कर्जाको सीमामा बढीमा २० प्रतिशतसम्म सम्बन्धित बैंक तथा वित्तीय संस्थाले थप कर्जा प्रवाह गर्न सक्ने व्यवस्था मिलाइने ।	मिति २०७७/०४/१२ मा परिपत्र जारी गरिएको । स्थलगत निरीक्षणको क्रममा नियमित रुपमा अनुगमन भइरहेको ।

क्र.सं.	बुँदा नं.	लक्ष्य/कार्यक्रम	कार्यान्वयन स्थिति
३१.	१०५	आर्थिक वर्ष २०७७/७८ को नेपाल सरकारको बजेटमा व्यवस्था भए बमोजिम स्थापना हुने रु. ५० अर्बको कोष परिचालनमार्फत निश्चित मापदण्डको आधारमा कोरोना प्रभावित पर्यटन र घरेलु, साना तथा मझौला उद्यम लगायतका व्यवसायको सञ्चालन एवंम् निरन्तरता, ती क्षेत्रका श्रमिक तथा कर्मचारीको पारिश्रमिक भुक्तानी र अति प्रभावित क्षेत्रका रोजगारी गुम्नेहरुलाई उद्यमशिलता विकासको अवसर दिन बैंक तथा वित्तीय संस्थाहरुबाट ५ प्रतिशत ब्याजमा कर्जा उपलब्ध गराउने व्यवस्था मिलाइने ।	२०७७/०८/०९ मा व्यवसाय निरन्तरता कर्जा प्रवाह कार्यविधि, २०७७ जारी भएको । २०७८ असार मसान्तसम्म रु. ९५ करोड ६७ लाख कर्जा स्वीकृत भई रु. ७३ करोड ६८ लाख लगानीमा रहेको भएको ।
३२.	१०७	२०७७ असार महिनासम्म भुक्तानी अवधि भएका डिमाण्ड लोन, क्यास क्रेडिट लगायतका अल्पकालीन प्रकृतिका चालु पूँजी कर्जाहरुलाई बैंक तथा वित्तीय संस्थाले ऋणीको अवस्था विश्लेषण गरी २०७७ पुस मसान्तसम्म भुक्तानी गर्न सकिने गरी नवीकरण गर्न सक्ने व्यवस्था मिलाइने ।	मिति २०७७/०४/१२ मा परिपत्र जारी गरिएको । स्थलगत निरीक्षणको क्रममा नियमित रुपमा अनुगमन गर्ने गरिएको ।
३३.	१०८	कोभिड-१९ बाट कम मात्रामा प्रभावित भएको पेशा/व्यवसायमा प्रवाह भएका कर्जाको २०७७ असार मसान्तसम्मको साँवाको किस्ता र ब्याज रकमलाई २०७७ पुस मसान्तसम्ममा भुक्तानी गर्न सक्ने व्यवस्था मिलाइने ।	मिति २०७७/०४/१२ मा परिपत्र जारी गरिएको । कोभिड-१९ बाट न्यून प्रभावित विभिन्न पेशा, उद्योग र व्यवसायका ७,६८८ ऋणीको रु. ३० अर्ब ३ करोड कर्जाको भुक्तानी अवधि २०७७ पुस मसान्तसम्म (६ महिना) थप भएको । स्थलगत निरीक्षणको क्रममा नियमित रुपमा अनुगमन गर्ने गरेको ।
३४.	१०९	कोभिड-१९ बाट मध्यम रुपमा प्रभावित पेशा/व्यवसायमा प्रवाह भएका कर्जाको २०७७ असार मसान्तसम्म भुक्तानी हुनुपर्ने साँवाको किस्ता र ब्याज रकमलाई २०७७ चैत मसान्तसम्ममा भुक्तानी गर्न सक्ने व्यवस्था मिलाइने ।	मिति २०७७/०४/१२ मा परिपत्र जारी गरिएको । कोभिड-१९ बाट मध्यम प्रभावित ७,८८७ ऋणीको रु. २८ अर्ब २७ करोड कर्जाको भुक्तानी अवधि २०७७ चैत मसान्तसम्म (९ महिना) थप भएको ।
३५.	११०	कोभिड-१९ बाट अति प्रभावित पेशा/व्यवसायमा प्रवाह भएका कर्जाको २०७७ असार मसान्तसम्म भुक्तानी हुनुपर्ने साँवाको किस्ता र ब्याज	मिति २०७७/०४/१२ मा परिपत्र जारी गरिएको । कोभिड-१९ बाट अतिप्रभावित ४,०१२ ऋणीको रु. १४ अर्ब ४७

क्र.सं.	बुँदा नं.	लक्ष्य/कार्यक्रम	कार्यान्वयन स्थिति
		रकमलाई २०७८ असार मसान्तसम्ममा भुक्तानी गर्न सक्ने व्यवस्था मिलाइने ।	करोड कर्जाको भुक्तानी अवधि २०७८ असार मसान्तसम्म (१ वर्ष) थप भएको । स्थलगत निरीक्षणको क्रममा नियमित रुपमा अनुगमन गर्ने गरिएको ।
३६.	११०	कोभिड-१९ को कारण पुनर्स्थापित हुन समय लाग्ने पर्यटन क्षेत्र लगायतका अति प्रभावित उद्योग व्यवसायमा रहेको कर्जा भुक्तानीका लागि आवश्यकता अनुसार थप समय प्रदान गर्न सक्ने व्यवस्था मिलाइने ।	मिति २०७७/०४/१२ मा परिपत्र जारी गरिएको । कोभिड-१९ बाट अति प्रभावित पर्यटन लगायत तोकिएका क्षेत्रका १९९ ऋणीको रु. २० अर्ब ८६ करोड कर्जाको भुक्तानी अवधि २ वर्षको लागि थप भएको ।
३७.	१११	२०७६ पुस मसान्तमा सक्रिय वर्गमा रहेका कर्जालाई ऋणीले २०७७ पुस मसान्तभित्र लिखित कार्य योजना पेश गरेमा बैंक तथा वित्तीय संस्थाले सो को विश्लेषण गरी न्यूनतम १० प्रतिशत ब्याज असुल उपर गरी एक पटकको लागि कर्जा पुनरसंरचना तथा पुनरतालिकीकरण गर्न सक्ने व्यवस्था मिलाइने ।	मिति २०७७/०४/१२ मा परिपत्र जारी गरिएको । कोभिड-१९ बाट अतिप्रभावित क्षेत्रका २१,६१७ उद्यमी व्यवसायीको रु. १२९ अर्ब २१ करोड कर्जा पुनरसंरचना तथा पुनरतालिकीकरण गरिएको । स्थलगत निरीक्षणको क्रममा नियमित रुपमा निरीक्षण गर्दा अनुगमन गर्ने गरिएको ।
३८.	११३	निर्माणाधीन पूर्वाधार आयोजनामा प्रवाहित कर्जाको ग्रेस अवधिमा पाकेको ब्याज पुँजीकरण गर्न यस बैंकबाट पूर्व स्वीकृति पाइसकेका कर्जाको हकमा २०७७ पुस मसान्तसम्म पुँजीकरण गर्न सकिने व्यवस्था मिलाइने ।	मिति २०७७/०४/१२ मा परिपत्र जारी गरिएको ।
३९.	११४	कोभिड-१९ को कारण ग्रेस अवधि भित्र उद्योग वा परियोजनाको निर्माण सम्पन्न/संचालन हुन नसकेको अवस्थामा पर्यटक स्तरीय होटलको हकमा अधिकतम २ वर्ष, अति प्रभावित क्षेत्रमा प्रवाहित कर्जाको हकमा १ वर्ष, मध्यम प्रभावित क्षेत्रमा प्रवाहित कर्जाको हकमा ९ महिना र न्यून प्रभावित क्षेत्रमा प्रवाहित कर्जाको हकमा ६ महिनासम्मका लागि एक पटक ग्रेस अवधि थप गर्न सकिने व्यवस्था मिलाइने ।	मिति २०७७/०४/१२ मा परिपत्र जारी गरिएको । कोभिड-१९ न्यून प्रभावित १७४ ऋणीको रु. ३ अर्ब ९५ करोड कर्जा २०७७ पुस मसान्तसम्म (६ महिना), मध्यम प्रभावित ३२१ ऋणीको रु. १८ अर्ब ४१ करोड कर्जा २०७७ चैत मसान्तसम्म (९ महिना) र अति प्रभावित ४९८ ऋणीको रु. २९ अर्ब ६३ करोड कर्जा २०७८ असार मसान्तसम्म (१ वर्ष) ग्रेस अवधि थप गरिएको ।

क्र.सं.	बुँदा नं.	लक्ष्य/कार्यक्रम	कार्यान्वयन स्थिति
४०.	११५	२०७७ असार मसान्तसम्म असुल हुन नसकेको लघुवित्त वित्तीय संस्थाबाट प्रवाहित कर्जाको किस्ता ऋणीको आवश्यकता र व्यवसाय सुचारु हुन लाग्ने समय मुल्याङ्कन गरी बढीमा ६ महिनासम्म भाखा सार्न सक्ने व्यवस्था मिलाइने ।	मिति २०७७/०४/१३ मा परिपत्र जारी गरिएको ।
४१.	११७	२०७८ असारसम्ममा बाणिज्य बैंकहरुले एक आपसमा गाभ्ने/गाभिने नीतिगत व्यवस्था अनुरुप संयुक्त कारोबार सञ्चालन गरेमा संयुक्त कारोबार शुरु गरेको मितिबाट साविकको सुविधाका अतिरिक्त २०७९ असारसम्मका लागि देहाय बमोजिमका थप सुविधा प्रदान गरिने । (क) अनिवार्य नगद अनुपातमा ०.५ प्रतिशत र वैधानिक तरलता अनुपातमा १ प्रतिशत बिन्दुले छुट दिइने । (ख) यस बैंकबाट तोकिएको संस्थागत मुद्दती निक्षेप संकलन सीमामा १० प्रतिशत विन्दुले थप गरिने । (ग) यस बैंकबाट तोकिएको प्रति संस्था निक्षेप संकलन सीमामा ५ प्रतिशत विन्दुले थप गरिने । (घ) संञ्चालक समितिका सदस्य र उच्च पदस्थ कर्मचारी पदबाट हटेको कम्तीमा ६ महिना व्यतीत नभई यस बैकबाट इजाजत प्राप्त अन्य संस्थामा आवद्ध हुन नपाउने विद्यमान प्रावधान लागू नहुने । साथै, संस्थागत निक्षेपकर्ताहरुले राख्ने बैंक अनुसारको निक्षेपको सीमा समायोजन गर्न सम्बन्धित संस्थाहरुसँग समन्वय गरिने ।	मिति २०७७/०४/१२ मा परिपत्र जारी गरिएको ।
४२.	१२०	वित्तीय क्षेत्रसँग सम्बन्धित कानूनहरुलाई आवश्यकता अनुसार समसामयिक बनाउन बैकिङ्ग कसुर ऐन, २०६४ र विनिमेय अधिकार पत्र ऐन, २०३४ को संशोधन प्रस्ताव नेपाल सरकार समक्ष पेश गरिने ।	बैकिङ्ग कसुर ऐन, २०६४ र विनिमेय अधिकार पत्र ऐन, २०३४ को संशोधन मस्यौदा प्रस्ताव नेपाल सरकार समक्ष पेश भएको ।

क्र.सं.	बुँदा नं.	लक्ष्य/कार्यक्रम	कार्यान्वयन स्थिति
४३.	१२१	कोभिड-१९ संक्रमणका कारण प्रभावित अर्थतन्त्र पुनरुत्थान गर्न बैंक तथा वित्तीय संस्थाहरुको साधन प्रवाह अभिवृद्धि गर्न कर्जा स्रोत परिचालन अनुपात (CCD Ratio) को सीमा २०७८ असार मसान्तसम्मको लागि ८० प्रतिशतबाट बढाई ८५ प्रतिशत कायम गरिने । कर्जा स्रोत परिचालन अनुपात गणना गर्दा यस भन्दा पहिले गर्ने गरिएका सबै प्रकारका समायोजनहरु खारेज गरिने ।	मिति २०७७/०४/१२ मा परिपत्र जारी गरिएको । गैर-स्थलगत रुपमा नियमित अनुगमन भइरहेको । २०७८ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाको औसत कर्जा स्रोत परिचालन अनुपात (CCD Ratio) ७६.३२ प्रतिशत रहेको ।
४४.	१२२	यस बैंकबाट इजाजतपत्र प्राप्त सबै बैंक तथा वित्तीय संस्थाहरुले आर्थिक वर्ष २०७६/७७ को खुद वितरणयोग्य मुनाफाको ३० प्रतिशतसम्म (उक्त संस्थाको २०७७ असार मसान्तमा कायम निक्षेपको भारित औसत ब्याजदर भन्दा बढी नहुने गरी) मात्र नगद लाभांस घोषणा तथा वितरण गर्न पाउने व्यवस्था गरिनेछ । तर कुल चुक्ता पुँजीको ५ प्रतिशत भन्दा कम खुद वितरणयोग्य मुनाफा भएका इजाजतपत्र प्राप्त संस्थाको नगद लाभांस वितरणमा रोक लगाइने ।	मिति २०७७/०४/१२ मा परिपत्र जारी गरिएको । आ.व. २०७६/७७ को वितरण योग्य मुनाफामा यस भन्दा अघिल्ला वर्षहरुवाट संचित रहेको वितरणयोग्य मुनाफालाई समावेश गरी हुन आउने रकमको ३० प्रतिशत नगद लाभांश स्वीकृत गरिएको ।
४५.	१२३	इजाजत प्राप्त संस्थाले ऋणीबाट आर्थिक वर्ष समाप्त भएको १५ दिन भित्र नगदमा असुल भएको ब्याज रकमलाई नियामकीय कोषमा सार्नु नपर्ने व्यवस्था रहेकोमा यस्तो अवधि आर्थिक वर्ष २०७६/७७ को लागि ९० दिन कायम गरिने ।	मिति २०७७/०४/१२ मा परिपत्र जारी गरिएको ।
४६.	१२४	वाणिज्य बैंकहरुले २०७७ असारसम्म आफ्नो चुक्ता पुँजीको कम्तीमा २५ प्रतिशत ऋणपत्र जारी गरिसक्नु पर्ने समयावधि २०७९ असार मसान्त कायम गरिने ।	मिति २०७७/०४/१२ मा परिपत्र जारी गरिएको । आर्थिक वर्ष २०७७/७८ मा १६ वाणिज्य बैंक, ४ विकास बैंक र १ वित्त कम्पनी गरी २१ बैक तथा वित्तीय संस्थाले रु. ६९ अर्ब ६० करोडको ऋणपत्र निष्काशन गर्न नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेको ।
४७.	१२५	बैंक तथा वित्तीय संस्थाहरुले सर्वसाधारणको सुन निक्षेपको रुपमा स्वीकार गर्न सक्ने व्यवस्थाको कार्यान्वयन गर्न सुनको शुद्धता मापन गर्ने लगायतका व्यवस्थाको लागि सम्बन्धित निकायहरुसँग समन्वय गरिने ।	सम्बन्धित निकायहरुसँग समन्वय गरिएको ।

क्र.सं.	बुँदा नं.	लक्ष्य/कार्यक्रम	कार्यान्वयन स्थिति
४८.	१२६	विद्यमान पुँजीकोष पर्याप्तता सम्बन्धी व्यवस्थालाई थप परिष्कृत बनाउँदै लैजाने अभिप्रायले इजाजत प्राप्त क्रेडिट रेटिङ्ग एजेन्सीबाट गरिएको रेटिङ्गको आधारमा समेत कर्जाको जोखिम भार निर्धारण गर्ने व्यवस्था मिलाइने ।	मिति २०७७/०४/१२ मा परिपत्र जारी गरिएको ।
४९.	१२७	पूर्वाधार निर्माणसँग सम्बन्धित परियोजनामा प्रवाहित कर्जाका लागि विद्यमान कर्जा नोक्सानी तथा जोखिम भार निर्धारण सम्बन्धी व्यवस्था लचिलो बनाइने ।	मिति २०७७/०४/१२ मा परिपत्र जारी गरिएको ।
५०.	१२८	कोभिड-१९ बाट प्रभावित उद्योग पेशा व्यवसायलाई आवश्यक थप वित्तीय सुविधा उपलब्ध गराउने अभिप्रायले वित्तीय स्थायित्वमा असर नपर्ने गरी विद्यमान पुँजीकोष पर्याप्तता सम्बन्धी व्यवस्थामा २०७८ असार मसान्तसम्मको लागि देहाय बमोजिम थप लचकता अपनाइने । (क) Countercyclical Buffer को व्यवस्था स्थगन गरिएको । (ख) सञ्चालन जोखिम, बजार जोखिम र समग्र जोखिमकोलागि सुपरीवेक्षकीय रुपमा राख्ने गरिएको विद्यमान अधिकतम थप जोखिम भार ५ प्रतिशत, ३ प्रतिशत र ५ प्रतिशतबाट घटाई क्रमशः ३ प्रतिशत, १ प्रतिशत र ३ प्रतिशत कायम गरिने । (ग) Private Equity, Debt Equity Conversion, Special Purpose Vehicle मा गरिएको बैंक तथा वित्तीय संस्थाको लगानीलाई पुँजीकोष गणना गर्दा घटाउनु नपर्ने व्यवस्था मिलाइने । (घ) वासलात वाहिरका कारोबारमा तोकिएको जोखिमभार पुनरावलोकन गरिने ।	(क) मिति २०७७/०४/१२ मा परिपत्र जारी गरिएको । (ख) मिति २०७७/०४/१२ मा परिपत्र जारी गरिएको । (ग) कार्यान्वयन गर्न बाँकी रहेको । (घ) मिति २०७७/०४/१२ मा परिपत्र जारी गरिएको । वार्षिक साधारण सभाको प्रयोजनका लागि वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति प्रदान गर्ने समयमा तथा स्थलगत निरीक्षणको क्रममा नियमित रुपमा अनुगमन भइरहेको ।

क्र.सं.	बुँदा नं.	लक्ष्य/कार्यक्रम	कार्यान्वयन स्थिति
५१.	१२९	२०७६ पुस मसान्तमा असल वर्गमा रहेका कर्जालाई २०७७ असार मसान्तमा समेत असल वर्गमा नै वर्गीकरण गर्न सकिने । यसरी असल वर्गमा रहेतापनि २०७७ असार मसान्तसम्मको साँवा र ब्याज असुल हुन नसकेको अवस्थामा त्यस्ता कर्जाको लागि आर्थिक वर्ष २०७६/७७ को हिसाबमा ५ प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्ने ।	मिति २०७७/०४/१२ मा परिपत्र जारी गरिएको । वार्षिक साधारण सभाको प्रयोजनका लागि वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति प्रदान गर्ने समयमा तथा स्थलगत निरीक्षणको क्रममा अनुगमन भइरहेको ।
५२.	१३०	बैंक तथा वित्तीय संस्थाको Stress Testing सम्बन्धी मार्गदर्शन परिमार्जन गरी अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको बनाइने ।	Stress Testing को मागर्दशन परिमार्जनका लागि शुक्ष्म तथा समष्टिगत चरहरुको आधारमा दबाव परिक्षण गर्न विभिन्न Shocks scenario हरु तयार गरी मार्गदर्शन मस्यौदा तयार भएको ।
५३.	१३१	वाणिज्य बैंकहरुले निक्षेप परिचालन र कर्जा प्रवाह सहितको वार्षिक कार्ययोजना संचालक समितिबाट स्वीकृत गराई प्रत्येक आर्थिक वर्षको साउन मसान्तभित्र यस बैंक समक्ष अनिवार्य रुपमा पेश गर्नुपर्ने र कार्ययोजना कार्यान्वयनको समीक्षा सम्बन्धित बैंकको संचालक समितिले त्रैमासिक रुपमा गर्नुपर्ने विद्यमान व्यवस्था विकास बैंक र वित्त कम्पनीहरुको लागि समेत लागू गरिने ।	मिति २०७७/०४/१२ मा परिपत्र जारी गरिएको । गैर-स्थलगत सुपरिवेक्षण इकाईमा तोकिएको समयमा वार्षिक कार्ययोजना प्राप्त भए/नभएको अनुगमन गर्ने साथै कार्ययोजना बमोजिम कार्य भए/नभएको स्थलगत निरीक्षणको क्रममा अनुगमन गर्ने गरिएको ।
५४.	१३२	आर्थिक वर्ष २०७७/७८ देखि राष्ट्रिय स्तरका विकास बैंकहरुमा समानान्तर रुपमा वासल-३ को व्यवस्था लागू गरिने ।	मिति २०७७/०४/१२ मा परिपत्र जारी गरिएको । राष्ट्रिय स्तरका विकास बैंकहरुबाट समानान्तर रुपमा वासल-३ लागू गरिएको ।
५५.	१३३	बैंक तथा वित्तीय संस्थाले सहुलियतपूर्ण कर्जा र पुनरकर्जाको विवरण वेवसाइटमार्फत् त्रैमासिक रुपमा सार्वजनिक गर्नुपर्ने व्यवस्था मिलाइने ।	मिति २०७७/०४/१२ मा परिपत्र जारी गरिएको ।
५६.	१३४	सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी अन्तर्राष्ट्रिय प्रावधान अनुरुप पारस्परिक मूल्याङ्कन सम्बन्धी कार्य सम्पन्न गर्न आवश्यक समन्वय गरिने । सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीतिमा उल्लिखित यस बैंकसँग सम्बन्धित कार्यहरुको प्रभावकारी कार्यान्वयन गरिने ।	सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी अन्तर्राष्ट्रिय प्रावधान अनुरुप पारस्परिक मूल्याङ्कन सम्बन्धी कार्य सम्पन्न गर्न आवश्यक समन्वय भइरहेको । पारस्परिक मूल्याङ्कन तयारी अर्न्तगत Techincal Compliance तयार गरी निकायगत छलफलको चरणमा रहेको ।

क्र.सं.	बुँदा नं.	लक्ष्य/कार्यक्रम	कार्यान्वयन स्थिति
५७.	१३५	सम्पत्ति शुद्धीकरण एवम् आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणका लागि goAML System को दायरामा बैंक तथा वित्तीय संस्थाका अतिरिक्त अन्य सूचक संस्थाहरुलाई समेत आवद्ध गरिने ।	२०७७ माघ १ गतेबाट विकास बैंक र वित्त कम्पनीहरुलाई goAML मा आवद्ध गरिएको । धितोपत्र, बीमा तथा विप्रेषण व्यवसायीहरुलाई goAML मा आवद्ध गर्न केही संस्थाहरुमा goAML Reporting परिक्षण शुरु गरिएको ।
५८.	१३६	सम्पत्ति शुद्धीकरण निवारण प्रणालीमा आधारित कारोबारको जोखिम मापन तथा विश्लेषण प्रभावकारी बनाउन सुपरिवेक्षकीय क्षमता अभिवृद्धि गरिने ।	बैंक सुपरिवेक्षण विभागमा ML Monitoring Unit स्थापना गरी आवश्यक व्यवस्था मिलाइएको । बैंक तथा वित्तीय संस्थाको ML Vulnerability Assessment Tool लाई समेत समावेश गरी AML/CFT Supervision Manual कार्यान्वयनमा ल्याइएको ।
५९.	१३७	लघुवित्त वित्तीय संस्थाहरुको ईजाजत दिने कार्य स्थगन गरिएको । साथै, इजाजतको प्रक्रियामा रहेका लघुवित्त वित्तीय संस्थाहरुको इजाजत प्रक्रिया समेत रद्ध गरिएको ।	मिति २०७७/०४/१५ र २०७७/०४/१६ मा सूचना जारी गरिएको ।
६०.	१३८	प्रदेशस्तरमा कारोबार गर्ने लघुवित्त वित्तीय संस्थाहरुले तोकिएको प्रदेश बाहेकका क्षेत्रमा सञ्चालनमा रहेका शाखा कार्यालय बिक्री, बन्द वा स्थानान्तरण गरी आफ्नो सम्पूर्ण कारोबार एउटै प्रदेशमा सीमित गर्नुपर्ने समय सीमा २०७७ असार मसान्तबाट बढाई २०७८ असार मसान्त कायम गरिएको ।	मिति २०७७/०४/१३ मा परिपत्र जारी गरिएको ।
६१.	१३९	व्यावसायिक परियोजनाको लागि स्वीकारयोग्य धितो लिई तोकिएका कृषि, लघु उद्यम तथा व्यवसाय गर्ने विपन्न तथा न्यून आय भएका व्यक्ति, फर्म वा समूहलाई प्रदान गरिने कर्जा सीमा रु. ७ लाखबाट बढाई रु. १५ लाख कायम गरिने ।	मिति २०७७/०४/१३ मा परिपत्र जारी गरिएको ।
६२.	१४०	लघुवित्त वित्तीय संस्थाहरुले आफ्ना ग्राहकसँग लिने ब्याजदर अधिकतम १५ प्रतिशत कायम गरिने ।	मिति २०७७/०४/१३ मा परिपत्र जारी गरिएको । निरन्तर अनुगमन भैरहेको ।
६३.	१४०	लघुवित्त वित्तीय संस्थामा आधार दर (Base Rate) गणना विधि तय गरी ब्याजदर निर्धारणलाई थप व्यवस्थित बनाइने ।	मिति २०७७/०४/१३ मा परिपत्र जारी गरिएको । निरन्तर अनुगमन भैरहेको ।

क्र.सं.	बुँदा नं.	लक्ष्य/कार्यक्रम	कार्यान्वयन स्थिति
६४.	१४१	इजाजत प्राप्त 'क', 'ख', 'ग' र थोक कर्जा प्रवाह गर्ने 'घ' वर्गका बैंक तथा वित्तीय संस्थाहरुले विपन्न वर्ग कर्जाको रुपमा लघुवित्तीय संस्थाहरुलाई प्रवाह गर्ने कर्जामा ०.५ प्रतिशत भन्दा बढी सेवा शुल्क लिन नपाइने व्यवस्था गरिने ।	मिति २०७७/०४/१२ र २०७७/०४/१३ मा परिपत्र जारी गरिएको । स्थलगत निरीक्षणको क्रममा नियमित रुपमा निरीक्षण गर्दा अनुगमन गर्ने गरिएको ।
६५.	१४२	लघुवित्त वित्तीय संस्थाले निश्चित प्रयोजनका लागि स्थापित दीर्घकालीन कोषहरु बाहेकका रकम बैंक तथा वित्तीय संस्थामा ३ महिना भन्दा बढी अवधिको मुद्दती निक्षेपमा राख्न र नवीकरण गर्न नपाउने व्यवस्था गरिने ।	मिति २०७७/०४/१३ मा परिपत्र जारी गरिएको । स्थलगत निरीक्षण तथा गैरस्थलगत सुपरिवेक्षणको माध्यमबाट निरन्तर अनुगमन गर्ने गरिएको ।
६६.	१४३	स्थानीय तहका सबै वडाहरुमा वित्तीय पहुँच पुऱ्याउने उद्देश्यले लघुवित्त वित्तीय संस्थाहरुको शाखा नभएका वडाहरुमा मात्र शाखा खोल्न पाउने व्यवस्था मिलाइने ।	मिति २०७७/०४/१३ मा परिपत्र जारी गरिएको । निरन्तर अनुगमन भइरहेको ।
६७.	१४४	लघुवित्त वित्तीय संस्थाहरुमध्ये थोक कर्जा प्रवाह गर्ने तथा सर्वसाधारणबाट निक्षेप संकलन गर्न स्वीकृत प्राप्त संस्थाहरुले आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार समेत प्रकाशन गर्नुपर्ने व्यवस्था गरिने ।	मिति २०७७/०४/१३ मा परिपत्र जारी गरिएको । थोक कर्जा कारोबार गर्ने र सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुले २०७८ असार मसान्तको वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार समानान्तर रुपमा तयार गर्न परिपत्र जारी भएको ।
६८.	१४६	नेपालभित्र हुने सबै प्रकारका विद्युत्तीय कारोवारको अभिलेख कायम गरी भुक्तानी प्रणालीमा थप सहजीकरण गर्न राष्ट्रिय भुक्तानी स्वीचको स्थापना गरिने ।	राष्ट्रिय भुक्तानी स्वीचको स्थापना गर्ने कार्य NCHL मार्फत अगाडि बढेको ।
६९.	१४७	भुक्तानी प्रणाली सञ्चालक तथा भुक्तानी सेवा प्रदायक संस्थाहरु सञ्चालन गर्न यस अघि सैद्धान्तिक सहमति प्रदान गरिएका बाहेक नयाँ अनुमति दिने कार्य स्थगन गरिएको ।	मिति २०७७/०४/०४ मा यस बैंकको वेबसाइटमा सूचना प्रकाशन गरी भुक्तानी प्रणाली सञ्चालक तथा भुक्तानी सेवा प्रदायक संस्थाहरु सञ्चालन गर्न यस अघि सैद्धान्तिक सहमति प्रदान गरिएका बाहेक नयाँ अनुमति दिने कार्य स्थगन गरिएको ।
७०.	१४८	भुक्तानी सेवा प्रदायक (PSP) को रुपमा अनुमति पाएका संस्थाले २०७८ असार मसान्तसम्ममा कम्तीमा ३ लाख ग्राहक नपुऱ्याएमा र मासिक	मिति २०७७/०५/११ मा निर्देशन जारी गरिएको ।

क्र.सं.	बुँदा नं.	लक्ष्य/कार्यक्रम	कार्यान्वयन स्थिति
		औसत कारोबार संख्या कम्तिमा ६ लाख नपुगेमा त्यस्ता संस्थाको अनुमति खारेज गर्न सकिने व्यवस्था गरिने ।	
७१.	१४९	विद्युत्तीय भुक्तानीमा Quick Response (QR) Code मार्फत हुने भुक्तानीलाई व्यवस्थित गर्न मार्गदर्शन जारी गरिने ।	विद्युत्तीय भुक्तानीमा Quick Response (QR) Code मार्फत हुने भुक्तानीलाई व्यवस्थित गर्न मार्गदर्शन जारी गरिएको । २०७७ साउनमा QR बाट १ लाख ९५ हजार कारोबार भएकोमा २०७८ जेठमा यो संख्या ५ लाख ३ हजार पुगेको । सो अवधिमा कारोबार रकम रु. ५९ करोड बढेर बाट रु. १ अर्ब ९७ करोड पुगेको ।
७२.	१५०	भुक्तानी प्रणालीको विकास सम्बन्धी सूचकहरु (Payment System Development Indicator- PSDI) प्रकाशन गरिने ।	भुक्तानी प्रणालीको विकास सम्बन्धी तथ्याङ्क/सूचकहरु मासिक रुपमा २०७७ साउनदेखि यस बैंकको वेबसाइटमा प्रकाशन गर्न थालिएको ।
७३.	१५१	सरकारी ऋणपत्रको कारोबार व्यवस्थित गर्न सम्बन्धित निकायहरुसँग समन्वय गरी सरकारी ऋणपत्रको अभौतिकीकरण गरिने ।	विकास ऋणपत्र, नागरिक बचतपत्र तथा वैदेशिक रोजगार बचतपत्रको अभौतिकीकरण गर्न सरोकारवाला निकायहरुबीच समझदारी-पत्रमा हस्ताक्षर (MoU) भएको ।
७४.	१५२	Sight LC मार्फत औद्योगिक कच्चा पदार्थ र मेशिनरी सरसामान आयात गर्दा वाणिज्य बैंकहरूले परिवर्त्य विदेशी मुद्रामा प्रवाह गर्ने ऋणको ब्याजदर सम्बन्धी विद्यमान व्यवस्थामा पुनरावलोकन गरिने ।	मिति २०७७/०४/१३ मा परिपत्र जारी भएको ।
७५.	१५२	प्रतीतपत्रको भुक्तानीलाई सहजीकरण गर्न आवश्यकता अनुसार Sight L/C लाई Deferred payment हुनेगरी विदेशी बैंकहरुबाट Discount गराउन सकिने व्यवस्था गरिने ।	मिति २०७७/०९/२८ मा परिपत्र जारी भएको ।
७६.	१५३	आयात व्यापारमा आवश्यक पर्ने बीमा र ढुवानी सम्बन्धी सेवाहरु सम्भव भएसम्म नेपाली सेवा प्रदायकबाट लिनुपर्ने गरी आवश्यक नीतिगत व्यवस्था गरिने ।	मिति २०७७/०९/२८ मा परिपत्र जारी भएको ।

क्र.सं.	बुँदा नं.	लक्ष्य/कार्यक्रम	कार्यान्वयन स्थिति
७७.	१५४	Documents Against Payment (DAP) र Documents Against Acceptance (DAA) सम्बन्धी व्यवस्था बमोजिम आयात गर्दा प्रदान गरिने विदेशी मुद्राको सटही सीमा ५० हजार अमेरिकी डलर कायम गरिने ।	मिति २०७७/०४/१३ मा परिपत्र जारी भएको ।
७८.	१५५	तेस्रो मुलुकबाट ड्राफ्ट/टिटीको माध्यमबाट वस्तु आयात गर्दा एक पटकमा बढीमा ३० हजार अमेरिकी डलर बराबरसम्मको विदेशी मुद्राको सटही सुविधा दिने व्यवस्था रहेकोमा सो सीमामा वृद्धिगरी ३५ हजार अमेरिकी डलर कायम गरिने ।	मिति २०७७/०४/१३ मा परिपत्र जारी भएको ।
७९.	१५६	प्रतीतपत्रमार्फत परिवर्त्य विदेशी मुद्रामा भुक्तानी गरी भारतबाट आयात गर्ने वस्तुको दायरा बढाइने ।	मिति २०७७/०४/१३ मा परिपत्र जारी भएको । हार्मोनिक कोड ३९०२.३०.००, ७६१४.९०.०० र ८४५४.९०.०० भएका तार, मेटल समूहका ३ बस्तु थप गरी कुल १६७ पुऱ्याइएको ।
८०.	१५७	सूचना प्रविधि लगायत विविध सेवा online वा electronic माध्यमबाट निर्यात गरी प्राप्त हुने विदेशी मुद्रा सम्बन्धित निर्यातकर्ता वा सेवा प्रदायकको विदेशी मुद्रा बैंक खाता वा कार्डमा प्राप्त गर्न सकिने व्यवस्था मिलाइने ।	निर्देशन जारी भएको । विदेशी मुद्रा भित्र्याउने सम्बन्धमा भुक्तानी प्रणाली विभागको मिति २०७७/०६/०१ को सूचनाबाट व्यवस्था भएको ।
८१.	१५८	विप्रेषण आय औपचारिक माध्यमबाट भित्र्याउन प्रोत्साहित गर्ने उद्देश्यले बैंक तथा वित्तीय संस्था र विप्रेषण कारोबार गर्न अनुमति प्राप्त संस्थाहरुले विप्रेषण कारोबारमा लिने शुल्क निर्धारण सम्बन्धमा नीतिगत व्यवस्था गरिने ।	नेपाल राष्ट्र बैंक विप्रेषण विनियमावली, २०६७ संशोधनसँगै शुल्क निर्धारणमा समेत नीतिगत व्यवस्था हुने ।
८२.	१५८	मोबाइल वालेटको कारोबार व्यवस्थित गरी औपचारिक माध्यमबाट विप्रेषण आय भित्र्याउन प्रोत्साहित गरिने ।	मिति २०७७/०६/०५ मा सूचना जारी गरिएको ।
८३.	१५९	नेपाल सरकार, उद्योग विभाग अन्तर्गत स्थापित एकल विन्दु सेवा केन्द्रमा रहेको विदेशी विनिमय सहजीकरण एकाईलाई थप प्रभावकारी बनाइने ।	नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ मिति २०७८/०२/१७ मा स्वीकृति भई २०७८/०२/२५ मा परिपत्र जारी गरिएको ।

क्र.सं.	बुँदा नं.	लक्ष्य/कार्यक्रम	कार्यान्वयन स्थिति
८४.	१६०	व्यापारिक फर्महरूले गर्ने आयातको हकमा युसान्स प्रतीतपत्रको विद्यमान अवधि १२० दिनबाट बढाई १८० दिन कायम गरिने ।	मिति २०७७/०४/१३ मा परिपत्र जारी भइसकेको ।
८५.	१६१	विदेशी मुद्रा प्राप्त भएपछि नेपाली निर्यातकर्ताहरूको नाममा अग्रिम भुक्तानीको प्रमाणपत्र (Advance Payment Certificate) जारी गरी सक्नु पर्ने समयसीमा विद्यमान १ महिनाबाट बढाई ४ महिना कायम गरिने ।	मिति २०७७/०४/१३ मा परिपत्र जारी भइसकेको ।
८६.	१६२	नेपाली निर्यातकर्ताले सम्बन्धित निकायको स्वीकृति लिई विदेशमा विभिन्न प्रदर्शनी, व्यापारमेला आदिमा नेपाली वस्तु बिक्री गरेवापत प्राप्त नगद विदेशी मुद्रा नेपालस्थित बैंक तथा वित्तीय संस्थामा रहेको निर्यातकर्ताको विदेशी मुद्रा खातामा समेत जम्मा गर्न सकिने व्यवस्था गरिने ।	मिति २०७७/०४/१३ मा परिपत्र जारी भइसकेको ।
८७.	१६३	निश्चित शर्त र मापदण्डको अधिनमा रही निश्चित रकमसम्मको विदेशी लगानी वापतको विदेशी मुद्रा बैंक तथा वित्तीय संस्थाहरुमार्फत स्वचालित तवर (Automatic Route) बाट भित्र्याउन सक्ने व्यवस्था गरिने ।	नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ मिति २०७८/०२/१७ मा स्वीकृत भई मिति २०७८/०२/२५ मा परिपत्र जारी गरिएको ।
८८.	१६४	बैदेशिक लगानीमा रहेका पूर्वाधार विकास निर्माणसँग सम्बन्धित निर्माणाधिन आयोजनाहरुले विदेशस्थित Parent Company/Group of Companies बाट पुँजी लगानीको निश्चित गुणासम्म तोकिएको ब्याजदरको सीमाभित्र रही ऋण लिन पाउने व्यवस्था गरिने ।	मिति २०७७/०९/२९ मा सूचना प्रकाशित भएको ।
८९.	१६५	विदेशी मुद्राको लगानीमा हुन सक्ने विनिमय जोखिम न्यूनीकरण गर्न विशिष्टिकृत संस्थामार्फत् व्यवसायिक रुपमा हेजिङ्ग सम्बन्धी कार्य गर्न प्रोत्साहित गरिने ।	नेपाल सरकारको सम्बन्धित निकायसँग आवश्यकता अनुसार समन्वय गरी नीतिगत व्यवस्था गरिने ।
९०.	१६७	कोभिड १९ को कारण मितव्ययिता कायम गर्नु पर्ने अवस्थालाई दृष्टिगत गरी बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत लगायत उच्च पदस्थ कर्मचारीको पारिश्रमिक तथा सुविधा सम्बन्धी	बैंकका प्रमुख कार्यकारी अधिकृत तथा कर्मचारीको तलब भत्ता तथा सुविधाको विवरण माग गरी अध्ययनको क्रममा रहेको ।

क्र.सं.	बुँदा नं.	लक्ष्य/कार्यक्रम	कार्यान्वयन स्थिति
		व्यवस्थामा पुनरावलोकन गरिने । त्यसैगरी, सञ्चालक समितिको बैठक भत्ता तथा सुविधा निर्धारण सम्बन्धमा मापदण्ड तर्जूमा गरिने ।	
९१.	१६८	सर्वसाधारणको बैंकिङ्ग सेवासँग सम्बन्धित जिज्ञासा, गुनासा तथा सुझाव यस बैंकको वेवसाइटमा छुट्टै पोर्टलमार्फत् समेत प्राप्त गर्ने व्यवस्था गरिने ।	मिति २०७७/०६/१२ मा कार्यविधि जारी गरी पोर्टल को व्यवस्था गरिएको ।
९२.	१६८	यस बैंकमा स्थापित वित्तीय ग्राहक संरक्षण इकाइमार्फत् सबै प्रकारका गुनासा तथा सुझावहरुको कार्यान्वयन हुने व्यवस्था मिलाइने ।	मिति २०७७/०६/१२ मा कार्यविधि जारी गरिएको ।
९३.	१७१	बैंक तथा वित्तीय संस्थाले ग्राहकसँग लिने सेवा शुल्कहरुलाई थप व्यवस्थित र पारदर्शी बनाउन वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी र लघु वित्त वित्तीय संस्थाले कर्जा स्वीकृति गर्दा सेवा शुल्कवापत् क्रमशः अधिकतम ०.७५ प्रतिशत, १.०० प्रतिशत, १.२५ प्रतिशत र १.५० प्रतिशतसम्म मात्र लिन पाउने व्यवस्था गरिने ।	निर्देशन जारी भएको । स्थलगत निरीक्षणको क्रममा नियमित रुपमा निरीक्षण गर्दा अनुगमन गर्ने गरेको ।
९४.	१७२	बैंक तथा वित्तीय संस्थाहरुको लागि आवश्यक ग्राहक पहिचान विवरण (Know Your Customer) एकीकृत रुपमा उपलब्ध गराउने व्यवस्था मिलाइने ।	यस सम्बन्धी व्यवस्थाको लागि आवश्यक छलफल भइरहेको ।
९५.	१७३	कोभिड १९ को कारणले साँवा वा ब्याजको भुक्तानी म्याद थप गरेबापत ग्राहकबाट पेनाल ब्याज, शुल्क वा हर्जाना लिन नपाइने व्यवस्था गरिने ।	मिति २०७७/०४/१२ र २०७७/०४/१३ मा परिपत्र जारी गरिएको ।
९६.	१७४	बैंक तथा वित्तीय संस्थाका ATM को कारोबार बीच अन्तरआवद्धता हुने व्यवस्था गरिने ।	ATM को कारोबार बीच अन्तरआवद्धता अभिवृद्धि भएको ।
९७.	१७४	कोभिड १९ को असर रहेसम्मको लागि एक संस्थाको ATM कार्ड अर्को संस्थाको ATM मा प्रयोग गरेमा शुल्क नलाग्ने व्यवस्था मिलाइने ।	मिति २०७७/०५/११ मा निर्देशन जारी गरिएको ।
९८.	१७५	यस बैकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले संस्थागत सामाजिक उत्तरदायित्वमा गर्ने खर्च सम्बन्धी नीतिगत व्यवस्थामा पुनरावलोकन गरिने ।	नीतिगत व्यवस्थामा पुनरावलोकन गरिएको ।

क्र.सं.	बुँदा नं.	लक्ष्य/कार्यक्रम	कार्यान्वयन स्थिति
९९.	१७५	बैंक तथा वित्तीय संस्थाहरुको आर्थिक वर्ष २०७६/७७ को असारसम्म खर्च हुन बाँकी रकम नेपाल सरकारले स्थापना गरेको कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचार कोषमा जम्मा गर्नु पर्ने व्यवस्था गरिने ।	मिति २०७७/०४/१२ र २०७७/०४/१३ मा निर्देशन जारी गरिएको ।
मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षाका व्यवस्थाहरुको लक्ष्य र प्रगति विवरण			
१.	६१.	बैंक तथा वित्तीय संस्थाहरुले कल निक्षेप बाहेकका ब्याज प्रदान गरिने निक्षेप खाताहरुमा दिइने अधिकतम र न्यूनतम ब्याजदर बीचको अन्तर ५ प्रतिशत विन्दु भन्दा बढीले फरक गर्न नपाइने व्यवस्था गरिने ।	मिति २०७७/९/०१ मा निर्देशन जारी गरिएको । स्थलगत निरीक्षणको क्रममा अनुगमन हुने गरेको ।
२.	६२.	आवधिक प्रकृतिका कर्जाहरु अग्रिम भुक्तानी गर्दा लिइने शुल्क तथा स्वाप शुल्कलाई थप व्यवस्थित गरिने ।	मिति २०७७/९/०१ मा निर्देशन जारी भएको । स्थलगत निरीक्षणको क्रममा अनुगमन हुने गरेको ।
३.	६३.	स्थिर ब्याजदरमा प्रवाह भएका कर्जाको हकमा ब्याजदर जोखिम बहन तथा श्रोत व्यवस्थापनसँग तालमेल हुने गरी अग्रिम भुक्तानी शुल्क तथा समयावधी निर्धारण गर्न सकिने व्यवस्था गरिने ।	मिति २०७७/९/०१ मा निर्देशन जारी भएको । स्थलगत निरीक्षणको क्रममा अनुगमन हुने गरेको ।
४.	६४.	कोभिड-१९ को असर परेका ऋणीको ६ महिना भन्दा बढीको ब्याज बक्यौता नरहेको अवस्थामा धितो लिलामी जस्ता प्रक्रिया केही समयसम्मका लागि स्थगन गर्नु पर्ने व्यवस्था गरिने ।	मिति २०७७/९/०१ मा निर्देशन जारी भएको । स्थलगत निरीक्षणको क्रममा अनुगमन हुने गरेको ।
५.	६५.	बैंक तथा वित्तीय संस्थाबाट विदेशी मुद्रामा ऋण लिएका ऋणीहरु विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ बाट प्रभावित हुन गई विदेशी मुद्रामा साँवा तथा ब्याज भुक्तानीमा पर्न गएको असहज परिस्थितिलाई दृष्टिगत गरी यस्तो विदेशी मुद्रामा लिएको ऋणको किस्ता नेपाली मुद्रामा समेत भुक्तानी गर्न सकिने व्यवस्था मिलाइने ।	मिति २०७७/०८/२६ मा निर्देशन जारी भएको ।
६.	६६.	अनलाइनमार्फत् निश्चित रकमसम्म विदेशी वस्तु तथा सेवा आयात गरी सोको भुक्तानी गर्न विदेशी मुद्रामा सटही सुविधा उपलब्ध गराउने व्यवस्था मिलाइने ।	मिति २०७७/१२/०८ मा निर्देशन तथा सूचना जारी भएको ।

क्र.सं.	बुँदा नं.	लक्ष्य/कार्यक्रम	कार्यान्वयन स्थिति
७.	६७.	बैंक तथा वित्तीय संस्था, भुक्तानी सेवा प्रदायक र भुक्तानी प्रणाली संचालकहरुले विद्युतीय भुक्तानी सेवा प्रदान गरेवापत ग्राहकहरुबाट लिने सेवा शुल्क सम्बन्धी व्यवस्थामा पुनरावलोकन गरिने ।	२०७७/१०/०१ देखि लागू हुने गरी मिति २०७७/०९/२३ मा शुल्क पुनरावलोकन सम्बन्धमा निर्देशन जारी भएको ।
८.	६८.	व्यक्तिगत अधिविकर्ष कर्जा, शेयरधितो कर्जा तथा रियलस्टेट कर्जा सम्बन्धी विद्यमान व्यवस्थामा पुनरावलोकन गरिने ।	मिति २०७७/९/०१ मा निर्देशन जारी भएको । स्थलगत निरीक्षणको क्रममा अनुगमन हुने गरेको ।
९.	६९.	कोभिड-१९ संक्रमणबाट अधिक प्रभावित भएको देखिएको होटल लगायतका पर्यटन व्यवसाय र पशुपंक्षी पालन व्यवसायलाई प्रदान गरिने पुनरकर्जामा थप सहजीकरण गरिने ।	पुनरकर्जा कार्यविधि, २०७७ मार्फत् सहजीकरण गरिएको । मिति २०७७/०६/०६, २०७७/६/३० र २०७७/८/१० को स्वीकृत टिप्पणी बमोजिम पुनरकर्जा कार्यविधि, २०७७ मा रहेको बिभिन्न बुँदाहरुमा सहजीकरण गरिएको ।
